जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १२३ • २०८२ साल आश्विन ४ गते शनिबार (20 September, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

## मुख्यमन्त्री सिंहको आत्मरति

# राष्ट्रपतिले राजीनामा नदिएपछि आफूले राजीनामा फिर्ता लिएको जिकिर

**टुडे समाचारदाता**

जनकपुरधाम – मुख्यमन्त्री सतीशकुमार सिंहको राजनीतिक नैतिकताको प्रश्न खडा भएको बेला उनले आफूले राष्ट्रपति झैं संघीयता जोगाउनका लागि राजीनामा फिर्ता लिएको जिकिर गरेका छन् ।

जेन-जी आन्दोलनको क्रममा आन्दोलनलाई बल पुग्ने गरी सामाजिक सञ्जालबाट राजीनामा दिएका मुख्यमन्त्री सिंहले आन्दोलन समापन भएलगत्तै फेरि सामाजिक सञ्जालमा लामो फेहरिस्त लेख्दै घुमाउरो पारामा राजीनामा फिर्ता लिएको सार्वजनिक भएपछि उनको सर्वत्र आलोचना हुन भइरहेकै अवस्थामा उनले राष्ट्रपतिसंग आफ्नो भूमिका निर्वाह गरी आत्मरति गरे ।

भदौं २३ गते जेन-जीको आन्दोलन उत्कर्षमा पुगेको र २४ गतेको प्रदर्शनले विध्वंश मच्चाइरहेका बेला जनमत पार्टीका तत्कालीन प्रवक्ता शरदसिंह यादवले मधेश प्रदेश सरकारबाट मुख्यमन्त्रीले राजीनामा गर्ने र ओली सरकारलाई दिइएको समर्थन फिर्ता लिएको निर्णय गरेका थिए ।

तर मुख्यमन्त्री सिंहको राजीनामा नदिएपछि जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले पटकपटक आफैंले सार्वजनिक गरेको राजीनामा दिने कुरा व्यवहारमा लागु गर्न आग्रह गरे ।



त्यसपछि पनि उनले राजीनामा नदिने अडान कायमै राखेपछि संसदीय दलका नेता यादवले मुख्यमन्त्री सिंहलाई पार्टीको साधारण सदस्यतासमेत नरहने गरी कारबाहीको सिफारिस गरेका थिए। सोही दिन जनमत पार्टीको केन्द्रीय अनुशासन समितिले सिंहलाई तीन दिन भित्रमा स्पष्टीकरण माग गरेको थियो । शनिबार स्पष्टीकरणको अन्तिम दिन छ ।

जनकपुरधाममा शुक्रबार संविधान दिवसको अवसरमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री सिंहले राष्ट्रपतिले संविधान जोगाए, आफूले संघीयता जोगाउन पदबाट राजीनामा नदिने जनमत पार्टीलाई सन्देश दिएको कतिपयको ठम्याई रहेको छ । उनको राजीनामा नदिने अडानलाई हठताको प्रशर्दन गर्नु अनुचित रहेको चर्चा पनि हुन थालेको छ।

मुख्यमन्त्री सिंहले सत्ता सहयात्री नेकपा एमाले, नेपाली कांग्रेस, लोसपा नेपालबाट मन्त्री रहेका र सो पार्टीका शीर्ष नेताहरुको साथ र सहयोग पाइ राजीनामा नदिने हठ प्रदर्शन गरिराखेको जनमत पार्टीले टिप्पणी गरेको छ।

त्यस्तै केही दिन अघि प्रतिपक्षी जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एसलगायतका दलका नेताको छलफलपछि मुख्यमन्त्री सिंह राजीनामा नदिइ मधेश प्रदेशको राजनीतिक नियतिको गन्तव्यलाई अन्योल पार्नतर्फ उद्यत रहेको आरोप लगाइएको छ ।

मुख्यमन्त्री सिंहलाई जनमत पार्टीले २४ घण्टे अल्टिमेटम र अर्को पटकमा तीन दिनको स्पष्टीकरण पनि जनमतले सोधेका छ । तर मुख्यमन्त्री सिंह पार्टीको निर्देशनको सन्दर्भमा अनुत्तरित छन् । उनी मुख्यमन्त्री सिंहलाई कांग्रेस र एमालेका प्रदेश संसदको साथ पाएपछि पार्टीको नीति विपरीत पदलोलुपता र अवसरवादको चरमोत्कर्षमा पुगेको आरोप नेता यादवले लगाए ।

मुख्यमन्त्री सिंहले राजीनामा नदिँदा आफ्नै दलको नेतृत्वमा रहेको सरकारबाट जनमत पार्टीले समर्थन फिर्ता यसअघि नै लिइसकेको छ। मुख्यमन्त्री सिंह पनि राजीनामा नदिइ प्रदेशसभामा विश्वासको मतका लागि संघीयतामाथि नै उपहास गर्ने गरी नाटक मञ्चनको मनस्थितिमा छन् ।

यता मधेश प्रदेशसभामा संसदीय दलको सर्वदलीय बैठक सभामुख रामचन्द्र मण्डलले आह्वान गरेका छन् ।

मधेश प्रदेशको राजनीतिक गाँठो फुकाउन, प्रदेशसभा सञ्चालन गर्न र विपक्षी दललाई मार्ग प्रशस्त गर्दै सहज वातावरणका लागि सर्वदलीय बैठक शनिबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

विपक्षी दलहरुले २२ दिनदेखि अर्थमन्त्रीको राजीनामा माग्दै प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएको थियो ।









# स्थानीय तहको खाता सञ्चालनमा आयो

टुडे समाचारदाता




रौतहट । रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काको निर्देशनमा साविकको निमित्त प्रमुख प्रशासकीय अधिकृतको नाममा रौतहटको १४ वटा स्थानीय तहको खाता सञ्चालन सुचारु हुने भएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएका दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुन्जेलसम्मका लागि साविक जिम्मेवारीमा रहेका निमित प्रमुख प्रशासकीय अधिकृतकै नाममा हाललाई खाता सञ्चालन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटलाई निर्देशन दिइएको रौतहटका प्रमुख जिल्ला अधिकारी खड्काले जानकारी दिए ।

दशैंमा कर्मचारीलाई तलब खुवाउनु पर्ने भएकाले खाता सुचारु नहुँदा समस्या हुने भएकाले तलब, भत्तालगायत अति आवश्यक खर्चको भुक्तानी मात्रको व्यवस्थाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटलाई निर्देशन दिइएको उनले बताए ।

१८ स्थानीय तहमध्ये ४ वटा स्थानीय तहले खाता सुचारु गरेका थिए भने अन्य भने खाता सञ्चालनको प्रक्रियामा लागेका थिए तर १४ वटा स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन रहेको अवस्थामा मन्त्रालयले पुनः जिम्मेवारी नै नदिएको कर्मचारीको नाममा हुन लागेको खाता सञ्चालनको विरोध हुन थालेपछि कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले खाता सञ्चालन गरिएका चार वटा स्थानीय तहको समेत खाता निष्क्रिय पारेका थिए साथै अन्यको खाता सञ्चालनको प्रक्रिया रोकेका थिए । साविककै कर्मचारीको नाममा खाता सञ्चालनको निर्णय गर्दा व्यापक विरोध हुने भए पछि जिल्ला प्रशासन कार्यालय रौतहटले बिहीबार रौतहटका १८ वटै स्थानीय तहसँग सुशासन कायम तथा पारदर्शीताका लागि प्रतिबद्धता जनाउन लगाएका छन् ।

रौतहटको स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, कोष तथा लेखा नियत्रक कार्यालयका प्रमुख कोष नियन्त्रक र सुरक्षा निकायका पदाधिकारीको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय रौतहटमा भएको छलफलपछि स्थानीय तहहरुले १९ बुँदे साझा प्रतिबद्धता जनाएका थिए ।

# विद्यार्थीलाई युवा मानसिक स्वास्थ्य तालिम

टुडे समाचारदाता

रौतहट । रौतहटको कटहरिया नगरपालिकामा १५० जना विद्यार्थीलाई मानसिक स्वास्थ्य सम्बन्धी विशेष तालिम दिइएको छ। हालै देशभर जेन- जी आन्दोलनका कारण उत्पन्न भएको सामाजिक, राजनीतिक तथा मनोवैज्ञानिक प्रभावलाई ध्यानमा राख्दै यो तालिमको आयोजना गरिएको छ ।

तालिम नेपाल युवा नेतृत्व विकास केन्द्रको आयोजनामा, लायन्स क्लब अफ जनकपुर मिथिला सिटीको सहकार्य तथा कटहरिया नगरपालिका वडा ४ का अध्यक्ष चन्दन कुशवाहाको पहलमा सम्पन्न भएको हो। कार्यक्रममा विद्यार्थी युवाहरुलाई तनाव व्यवस्थापन, मानसिक सन्तुलन कायम राख्ने तरिका, सामाजिक जिम्मेवारी, र सकारात्मक सोच विकास गर्ने विषयमा प्रशिक्षण दिइएको तालिम संयोजकहरूले बताएका छन् ।




हालै भएको जेन- जी आन्दोलनले देशभरका युवा-युवतीमा गहिरो प्रभाव पारेको छ। आन्दोलनका क्रममा हिंसा, तोडफोड, र सरकारी सम्पत्तिमा क्षति भएपछि विद्यार्थी तथा युवा समुदायमा असुरक्षा, निराशा र मानसिक दबाब बढेको बताइन्छ। यस्तो अवस्थामा स्थानीय तहबाटै मानसिक स्वास्थ्यप्रति सचेतना फैलाउन गरिएको प्रयासलाई सहभागी विद्यार्थीहरूले स्वागत गरेका छन् ।

विशेषज्ञहरूको भनाइमा, युवावस्थामै मानसिक स्वास्थ्यको महत्व बुझाइएन भने दीर्घकालीन असर समाजमा नकारात्मक देखिन सक्छ। तालिममार्फत विद्यार्थीहरूले आत्मविश्वास बढाउने, सहकार्य गर्ने, तथा संकट व्यवस्थापन गर्ने सीप प्राप्त गरेको आयोजक संस्थाले जनाएको छ ।

कटहरियामा भएको यो कार्यक्रम केवल एक दिने तालिम मात्र नभइ आन्दोलनपछिको सामाजिक उपचारका रूपमा पनि लिइएको छ। यसले युवामा मानसिक स्वास्थ्यप्रति जागरण ल्याउनुका साथै भविष्यमा जिम्मेवार नेतृत्व विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

# सुनकोशी मरिन डाइभर्सन आयोजनाको ठेक्का तोडिने



टुडे समाचारदाता

जनकपुरधाम। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयअन्तर्गतका लामो समयदेखि काम नभई अलपत्र पारिएका जीर्ण विकास आयोजनाका ठेक्का तोडिने भएको जनाइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले तीनवटै मन्त्रालयका सचिव र विभागीय प्रमुखहरूलाई जीर्ण आयोजनाहरूको सूची तत्काल तयार गरी पेस गर्न निर्देशन दिएका छन् ।

तीनवटै मन्त्रालयको कामकारबाहीबारे जानकारी लिँदै मन्त्री घिसिङले काम नगर्ने निर्माण व्यवसायीको अनुहार हेरेर आयोजनालाई अलपत्र अवस्थामा राख्न नदिइने बताए ।

'चालु रहेका ठूला पूर्वाधारका आयोजनाहरू तोकिएका समय र गुणस्तरमा निर्माण सम्पन्न हुन नसक्दा एकातर्फ मुलुकले ठूलो आर्थिक क्षति बेहोरिरहेको छ भने अर्कोतर्फ त्यस्ता आयोजनाबाट प्राप्त हुने लाभबाट नागरिक वञ्चित भइरहेको विडम्बनापूर्ण अवस्था छ',अब कसैको अनुहार हेरेर हुँदैन, त्यस्ता आयोजनाको पहिचान र मूल्यांकन गरी तत्काल सूची पेस गर्नुहोस्,' निर्देशन दिँदै मन्त्री घिसिङले भने, 'निर्णय नगरी काम हुँदैन, त्यसैले निर्णय गरी काम गर्छौं, जीर्ण बनेका आयोजनाको ठेक्का तोडी नयाँ ठेक्का प्रक्रियामा जानुपर्छ, आयोजनालाई अलपत्र पारेर राख्न पाइँदैन ।'

सिचाइँ अन्तर्गत राष्ट्रिय गौरबको सुनकोसी मरिन बहुउद्देश्यीय, भौतिक पूर्वाधार अन्तर्गत तीन समयभन्दा बढी सडक र एक सयभन्दा पुल निर्माण आयोजना अलपत्र छन् ।

# प्रतिनिधिसभा नरहेको अवस्थामा राष्ट्रियसभालाई अझ जिम्मेवार बनाउनुपर्छः उपाध्यक्ष घिमिरे

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष विमला घिमिरेले राष्ट्रियसभालाई जनमुखी बनाउन आह्वान गर्नुभएको छ ।

संविधान दिवसको अवसरमा शुक्रबार शुभकामना व्यक्त गर्दै उहाँले राष्ट्रियसभाअन्तर्गतका समितिलाई सबल बनाउने, नीतिगत छलफललाई गहिरो बनाउने, नागरिक सरोकारका मुद्दामा



नियमित बहस गर्ने र सरकारलाई आवश्यक सुझाव प्रदान गर्ने अभ्यास बढाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

उहाँले भन्नुभएको छ, "जनप्रतिनिधि तथा संस्थामाथि भएका आक्रमण र असुरक्षाका घटनाले लोकतन्त्रको आधारलाई कमजोर पार्ने प्रयास भएको देखिन्छ, लोकतन्त्रलाई बलियो बनाउन संवाद, सहमति र सहकार्य अपरिहार्य हुन्छ । हिंसा र असहिष्णुताले कुनै समाधान दिँदैन, बरु समाजलाई अझै ध्रुवीकरणतर्फ धकेल्छ ।"

उहाँले हाम्रा प्रयासहरू व्यवस्था परिवर्तन गर्नेतर्फ नभई व्यवस्था सुदृढ र संस्थागत गर्नेतर्फ केन्द्रित हुनुपर्ने बताउँदै लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हो भन्ने मान्यतालाई स्थापित गराउन सानातिना राजनीतिक स्वार्थहरूलाई बिर्सेर सक्दो छिटो सामाजिक रुपान्तरणको प्रक्रियालाई अगाडि बढाउनु आजको आवश्यकता औंल्याउनुभयो ।

ठूलो त्याग, वलिदान र सङ्घर्षबाट प्राप्त संविधानको प्रगतिशील कार्यान्वयनमार्फत समृद्धितर्फको यात्रामा अगाडि बढ्नु अहिलेको प्राथमिकता रहको उहाँको भनाइ छ । उहाँले जननिर्वाचित संस्थालाई पुनःस्थापित गर्नु, जनताको आकाङ्क्षालाई सम्बोधन गर्नु र संविधानलाई जनजीविकासँग जोडेर कार्यान्वयन गर्दै जानु हाम्रो साझा दायित्व र जिम्मेवारी भएको उल्लेख गर्नुभएको छ ।

लामो सङ्घर्ष, त्याग र बलिदानको फलस्वरुप नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत आफ्नो संविधान आफैँ लेख्ने अवसर पाएका हुन् । नेपाली जनताको लोकतन्त्रप्रतिको समर्पित भावना र दृढ इच्छाशक्तिकै कारण संविधानमार्फत जनतामा निहित सार्वभौमसत्ताको प्रयोग र स्वशासनको अधिकार प्राप्त भएको उहाँको भनाइ छ ।

शुभकामना सन्देशमा भनिएको छ, "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पसहित सङ्घीयता, धर्मनिरपेक्षता, लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका वर्तमान संविधानका आधारभूत विशेषताका रूपमा अङ्गीकार गरिएको छ ।"

उपाध्यक्ष घिमिरेले संविधानअनुरुप राज्य सञ्चालन गर्नु प्रत्येक निकाय, नेतृत्व र सम्पूर्ण सरोकारवालाको साझा दायित्व भएको बताउँदै जननिर्वाचित संस्थाहरुलाई क्रियाशील बनाउँदै लोकतन्त्रको सार्थकता स्थापित गर्न जरुरी रहेको उल्लेख गर्नुभएको छ ।रासस

# रौतहटमा संविधान दिवस विभिन्न ढंगले मनाइयो



दिलिप पाण्डे

रौतहट । संविधान दिवस २०७२ को स्मरणमा शुक्रबार रौतहटमा विभिन्न राजनीतिक दलहरूले आ आफ्नै कार्यक्रम गरी दिनलाई फरक फरक ढंगले मनाएका छन् ।

नेकपा एमाले रौतहट जिल्ला कमिटीले गौरस्थित पार्टी कार्यालयमा विशेष कार्यक्रम आयोजना गरी संविधान दिवस मनायो ।

कार्यक्रममा जिल्ला अध्यक्ष सचितानन्द साहको अध्यक्षतामा प्रमुख अतिथि एमाले जिल्ला इन्चार्ज तथा क्षेत्र नं. १ का संघीय सांसदका प्रत्यासी अजय कुमार गुप्ता रहेका थिए । संविधान दिवसको महत्व, कार्यान्वयन र लोकतान्त्रिक अभ्यासलाई सबल बनाउनुपर्ने विषयमा छलफल गरिएको थियो ।

नेपाली कांग्रेसले पनि गौरमै आफ्नो पार्टी कार्यालयमा भव्य समारोहसहित संविधान दिवस मनायो । कार्यक्रममा प्रमुख अतिथि कांग्रेस मधेस प्रदेश सभापति कृष्ण प्रसाद यादव रहेका थिए । पूर्वमन्त्री सुनिल कुमार यादव, सांसद देबप्रसाद तिमिल्सिना, जिल्ला सचिव रामचन्द्र गिरी, क्षेत्र नं. २ (क) का सभापति लालबिहारी साहलगायत नेताहरू सहभागी थिए । वक्ताहरूले नेपालको लोकतान्त्रिक आन्दोलन र संविधानले ल्याएको उपलब्धिबारे प्रकाश पार्दै यसको संरक्षण, कार्यान्वयन र लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउन सबैको साझा जिम्मेवारी रहेकोमा जोड दिएका थिए ।

> **संघीय लोकतान्त्रिक मोर्चा रौतहट जिल्ला समितिले भने असोज ३ गतेलाई कालो दिवसका रूपमा मनाएको छ ।**

यसैबीच संघीय लोकतान्त्रिक मोर्चा रौतहट जिल्ला समितिले भने असोज ३ गतेलाई कालो दिवसका रूपमा मनाएको छ । गौरको पार्टी कार्यालय आयोजित कार्यक्रममा जसपा नेपालका केन्द्रीय सदस्य तथा पूर्व कृषि राज्यमन्त्री योगेन्द्र राय यादव, लोसपा नेता अनिल कुमार सिंह, जसपा जिल्ला अध्यक्ष तथा बौधिमाई नगरपालिकाका पूर्व मेयर राजिव रञ्जन (राजु यादव) लगायत नेताहरूले सम्बोधन गर्दै संविधानले मधेसलगायत समुदायका अधिकारलाई बेवास्ता गरेको भन्दै असन्तुष्टि जनाएका थिए ।

# रौतहटको ब्रह्मपुरीमा निःशुल्क आँखा शिविर, ६२ बिरामी शल्यक्रियाका लागि छनोट

दिलिप पाण्डे

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वार्ड न ९ ब्रह्मपुरीमा शुक्रबार एक दिवसीय निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । नेपाल नेत्रज्योति संघ गौर आँखा अस्पताल (गौर-८, पुरेनवा) को आयोजनामा र सेवा फाउन्डेसनको विशेष सहयोगमा ब्रह्मपुरी माध्यमिक विद्यालयमा गरिएको शिविरमा २५५ जना बिरामीले स्वास्थ्य सेवा लिएका छन् ।

शिविरमा वडा कार्यालय ९, ब्रह्मपुरी माध्यमिक विद्यालय र सशस्त्र प्रहरी बल लक्ष्मीपुर, बेलबिछ्वाले सहयोग गरेका थिए ।

नेपाल नेत्रज्योति संघ रौतहटका सचिव बच्चा प्रसाद यादव, गौर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष विजय कुमार सिंह र प्रशासक चौधरीले शिविरको सुपरभिजन गरेका थिए। सुपरभिजनकै क्रममा ३ जना बिरामी दुवै आँखामा मोतिबिन्दुका कारण



दृष्टिविहीन भएको फेला परेको छ ।

अस्पतालका प्रशासक नागेश्वर प्रसाद चौधरीका अनुसार, शिविरमा महिला १३२ र पुरुष १२३ जनाले जाँच गराएका थिए । तीमध्ये ११३ जनाले चश्मा, १०५ जनाले औषधि प्राप्त गरेका छन् भने मोतिबिन्दु शल्यक्रियाका लागि ६२ बिरामी छनोट गरिएको छ । उनीहरूको निःशुल्क अपरेशन आगामी आइतबार र सोमबार गौर आँखा अस्पतालमै हुने आयोजकले जानकारी दिएको छ।

युवा समाजसेवी नविन कुमार सिंहको पहलमा आयोजना गरिएको शिविरमा वडा कार्यालय ९, ब्रह्मपुरी माध्यमिक विद्यालय र सशस्त्र प्रहरी बल लक्ष्मीपुर, बेलबिछ्वाले सहयोग गरेका थिए ।

अस्पतालका अध्यक्ष सिंहले यस्ता शिविरलाई अझ प्रभावकारी बनाउन जनचेतनामूलक अभियानलाई प्राथमिकता दिने र स्थानीय सरकार, समाजसेवी तथा सरोकारवालासँग सहकार्य गर्दै निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शिविरमा नेत्र अधिकृत बिनिता केसरीको नेतृत्वमा नौ जनाको चिकित्सक तथा स्वास्थ्यकर्मी टोलीले सेवा प्रदान गरेको थियो ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : घरजग्गाको कारोबारबाट घाटा लाग्ने तथा यात्रा गर्दा विशेष सर्तक हुनुपर्दछ।
वृष : स्रोतसाधनकोप्रयोगगर्दाध्यानदिनुहोला।
मिथुन : पढाई लेखाईमा अरुभन्दा उत्कृष्ट नतिजा ल्याउन सकिनेछ ।
कर्कट : व्यवसायीमा थप लगानी गर्ने वातावरण बन्नेछ ।
सिंह : बौद्धिक कार्यमा सहभागी हुने अवसर प्राप्त हुनेछ ।
कन्या : मान सम्मानमा दाग लाग्न सक्छ, ध्यान दिनुहोला ।
तुला : समयमा काम बन्ने हुनाले अन्य क्षेत्रमा लगानी गर्ने वातावरण बन्नेछ ।
वृश्चिक : आश्वासन बाँढ्ने तथा काम गर्दिन्छु भनेर पैसा माग्नेदेखि सजक रहनुहोला।
धनु : अध्ययन तथा अध्यापनमा तपाई आफ्नै कारणले पछि पर्नुहुनेछ ।
मकर : विद्यामा सफलता पाउन निकै नै संघर्ष गर्नुपर्नेछ ।
कुम्भः आज थालिएका जुनसुकै कामबाट भने जस्तै आम्दानी हुनेछ ।
मीन : गन्तव्य पहिल्याउन सहज हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको छ : राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान संविधानले केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको बताउनुभएको छ।

संविधान दिवसका अवसरमा शुभकामना शुक्रबार सन्देश दिनुहुँदै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न हामी सबैलाई एकजुट हुन प्रेरणा दिनेछ भनी शुभकामना व्यक्त गर्नुभएको छ।

राष्ट्रपति पौडेलले नेपालको संविधानले सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने लक्ष्य लिएको बताउनुभयो । उहाँले संविधानद्वारा प्रत्याभूत गरिएका राज्यबाट प्राप्त हुने सेवा र सुविधाहरूमा सबै नागरिकको समान पहुँच स्थापित गर्नुका साथै आम नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गर्नुपर्नेमा जोड दिनुभयो।

राष्ट्रपति पौडेलले संविधानको मर्म र भावनालाई व्यवहारमा रुपान्तरण गर्न मन, वचन र कर्मले समर्पित भई आ-आफ्नो तर्फबाट इमान्दार र प्रभावकारी प्रयास जारी राख्न सबैमा आह्वान गर्नुभयो।

राष्ट्रपति पौडेलले मुलुकको संस्कृति र प्रकृतिले देशमा रोजगारी र आम्दानी दिने असीमित सम्भावनाको ढोका खोलेको छ भन्दै सबै किसिमका बेथितिलाई अन्त्य गर्दै सुशासनको माध्यमबाट जलस्रोत र ऊर्जा शक्तिको उचित व्यवस्थापन गर्न सकेमात्र पनि नेपाल समुन्नत राष्ट्रको अग्रस्थानमा छिट्टै नै पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

हिमाल, पहाड र तराईको अनुपम भौगोलिक संरचनाको बहुजाति, बहुभाषी एवं बहुसंस्कृतिलाई संविधानले समान संरक्षण प्रदान गरेको छ । उहाँले यस्तो अवस्थामा नेपालीहरूबीच रहेको आपसी सद्भाव, भ्रातृत्व र सहअस्तित्वमा आँच आउने काम कोहीकसैबाट नहुने अपेक्षा गर्नुभएको छ।

विसं २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मानमा आज संविधान दिवस (राष्ट्रिय दिवस) मनाइँदैछ । दिवसका अवसरमा राष्ट्रपतिले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गर्नुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

साथै उहाँले गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनको नेतृत्व गर्ने राजनीतिक दलका नेताहरूप्रति सम्मान एवं श्रद्धा प्रकट गर्दै लोकतान्त्रिक आन्दोलनमा सहभागी आमनागरिक एवं राजनीतिक कार्यकर्ताहरूको योगदानको उच्च प्रशंसा गर्नुभएको छ।रासस

# सुधार र निर्माणतर्फ सिरहा प्रशासन

सिरहा । तोडफोडले खरानी बनेका कार्यालय, क्षतविक्षत वडा भवन, कुच्चिएका फाइलको थुप्रो, अनि आगजनीबाट जलेका कागजातको गन्ध अझै बाँकी छ। भदौ २३ र २४ गतेको 'जेनजी' पुस्ताको आन्दोलनले देशभर उथलपुथल ल्यायो । त्यसको चपेटामा परेको सिरहा जिल्लाको सरकारी सेवा प्रणाली पनि लगभग शून्यमा झरेको थियो।

तर अहिले त्यही खरानीबीच नयाँ संरचना उभ्याउने प्रयास सुरु भएको छ । सिरहा प्रशासनले 'सुधार र निर्माण' अभियानमार्फत पुनर्निर्माणको बाटो समातेको छ। क्षतिग्रस्त कार्यालयको निरीक्षण, जनप्रतिनिधि तथा कर्मचारीलाई सक्रिय बनाउने प्रयास र जनतालाई केन्द्रमा राखेर सेवाप्रवाह सुनिश्चित गर्ने योजनाले प्रशासनिक गतिशीलता ल्याउन थालेको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार आन्दोलनको उग्र रूपले यहाँका ४१ वटा सरकारी कार्यालयमा तोडफोड, आगजनी र लुटपाट भएको थियो। तीमध्ये १६ वटा प्रहरी कार्यालय थिए भने १७ वटा स्थानीय तहमध्ये १० वटा कार्यालय पूर्ण रूपमा ध्वस्त भए। प्रारम्भिक अनुमानअनुसार जिल्लाभर रु एक अर्बभन्दा बढीको भौतिक संरचना क्षति भएको छ । यद्यपि, अहिले ती कार्यालय विस्तारै सञ्चालनमा फर्कँदैछन्। आंशिक क्षति भएका कार्यालय पुनः सञ्चालनमा आइसकेका छन्भने पूर्ण क्षति भएका कार्यालयले पनि अस्थायी सेवा दिन थालेका छन्।




प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीको नेतृत्वमा जिल्लाका चारवटै सुरक्षा निकाय, स्थानीय तहका प्रतिनिधि र सञ्चारकर्मी सम्मिलित टोलीले बिहीबार क्षतिको स्थलगत अवलोकन र निरीक्षण गरेका छन्। निरीक्षणका क्रममा उहाँले कर्मचारीलाई 'आफ्नो शाखा आफैँ बनाऔँ' भन्ने भावनाका साथ काम गर्न आग्रह गर्नुभयो । उहाँले मातहतका निकायलाई निर्देशन दिँदै भन्नुभयो, "हामी जुन अवस्थामा छौँ, त्यहीँबाट अघि बढ्नुपर्छ । अरूको मुख ताक्ने बेला होइन।"

अनुगमन टोलीले सिरहा, लहान, सुखीपुर नगरपालिका, औरही, नवराजपुर, भगवानपुर, स खु व ा न ् क ा र क ट्ट ी गाउँपालिकालगायत कार्यालयको निरीक्षण गर्यो । जलेका भवन, हराएका फाइल, जलेका फर्निचर र जनताको सेवा अवरुद्ध हुने डरका बीच प्रमुख जिल्ला अधिकारीले पुनर्निर्माणसँगै आत्मसमीक्षा र सेवा सुधारको आग्रहका साथ जनप्रतिनिधिसँग स्पष्ट सन्देश बाँड्दै भन्नुभयो, "अबको काम जनमैत्री, विश्वसनीय र पारदर्शी ढङ्गले हुनुपर्दछ । सेवाग्राहीले सन्तुष्टि पाउनेगरी सेवा प्रवाह हुन आवश्यक छ। यो आन्दोलनलाई एउटा दुर्घटना मानेर आगामी दिनमा सच्चिएर सबै पक्ष लाग्नुपर्ने आवश्यकता छ।"

प्रशासनको ठहरमा आन्दोलनका क्रममा भएका घटना केवल आवेगमा नभई कतिपय अवस्थामा राजनीतिक रिसइबी वा व्यक्तिगत प्रतिशोधको परिणाम पनि हुन् । यसबारे अनुसन्धान भइरहेको प्रमुख जिल्ला अधिकारी अधिकारीले जानकारी दिनुभयो। उहाँले दोषीलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । "सरकारी सम्पत्तिमा आगजनी र तोडफोडमा संलग्न जोकोहीलाई कारबाही हुन्छ । प्रमाणहरू सङ्कलन भइरहेका छन्", उहाँले बताउनुभयो। साथै उहाँले आन्दोलनपछिको अवसरलाई बेथितिका नाममा दुरूपयोग नगर्न चेतावनी पनि दिनुभयो । "अब कार्यालयमा सामग्री किन्दा पनि हाम्रो निगरानी रहनेछ। अरु बेला अख्तियारले मात्र हेर्ने गरेको भए पनि अबका दिनमा जिल्ला प्रशासनले गहिरो निगरानी राख्नेछ", उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।


यतिखेर प्रशासनको ध्यान पुनःस्थापनामात्र होइन, जनविश्वास पुनर्निर्माणमा पनि केन्द्रित देखिन्छ। प्रमुख जिल्ला अधिकारी स्वयं स्थलगत अनुगमनमा पुगेर कर्मचारी र जनप्रतिनिधिसँग संवाद गरिरहनुभएको छ । जनतालाई केन्द्रमा राखेर सेवा दिन आग्रह गर्दै उहाँले कार्यालयहरूलाई नागरिक सहायताकक्ष स्थापना गर्न पनि निर्देशन दिनुभयो। साथै चाडपर्व नजिकिँदै गर्दा कार्यालय प्रमुखलाई 'बिदा भनेर घर जानु होइन, अप्ठ्यारोमा जनताको सेवा गर्नु हो' भन्ने निर्देशन दिँदै राज्यका सबै तहका कर्मचारीलाई अहिलेको पुनर्निर्माणलाई अवसरका रूपमा लिन र विगतका गल्तीबाट पाठ सिक्दै सुधारतर्फ लाग्न आग्रह गर्नुभयो।रासस

# संविधानविरोधी गतिविधिलाई समयमा नै बुझ्न जरुरी छ : सभामुख घिमिरे

काठमाण्डु । सभामुख देवराज घिमिरेले आजको नेपाली जनताले संविधानविरोधी गतिविधिलाई समयमा नै बुझ्न सकेमात्रै संविधानको रक्षा र विधिको शासनको प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभएको छ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा बधाई तथा शुभकामना व्यक्त गर्दै उहाँले संविधान घोषणाको गणतन्त्रको मार्गचित्रलाई कार्यान्वयन गर्दै सङ्घ, प्रदेश र स्थानीय तहमा निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरूको सहभागितामा सरकार सञ्चालनको नयाँ प्रणाली अगाडि बढेको र अधिकार प्रत्यायोजनसहित स्थानीय तहलाई सबल बनाउँदै सेवा प्रवाह नागरिकको ढोकाढोकामा पुग्ने वातावरण बनेको उहाँको भनाइ छ।

सभामसख घिमिरेदे विगतमा पनि नेपाली जनताबाट



एक दशक पुग्न १० दिन बाँकी रहँदा नै गत भदौ २३ र २४ गते भएको जेनजी पुस्ताले गरेको आन्दोलनले मुलतः समाज र राष्ट्रलाई नयाँ सोचका साथै पारदर्शिता र सुशासन दिनुपर्ने महत्त्वपूर्ण चेतना दिएको उल्लेख गर्नुभएको छ।

उहाँले भ्रष्टाचार र कुशासन अन्त्यको माग अघि सारेका निर्दोष युवाहरूको विरोधलाई देखाएर देशमा असामान्य स्थितिको सृजना गरिएको र जननिर्वाचित सर्वोच्च विधायिकी संस्थालाई विघटन गर्ने गैरसंवैधानिक कार्य भएको उल्लेख गर्नुभएको छ।

सङ्घीय लोकतान्त्रिक खोसिएको अधिकार संसद्मार्फत नै पुनर्स्थापित गरेको तर्फ स्मरण गराउँदै लोकतान्त्रिक शासन प्रणालीको विकल्प अझ उन्नत लोकतन्त्रमात्र हुनेतर्फ ध्यानाकर्षण पनि गराउनुभएको छ। विसं २०७२ असोज ३ गते नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानको फलस्वरूप जारी भएको संविधान नेपालको मौलिक यथार्थ र लोकतान्त्रिक प्रणालीमा आधारित महत्त् वपूर्ण संवैधानिक दस्तावेज हो। यस संविधानले सबै प्रकारका विभेद र असमानताको अन्त्य गर्दै विविधतामा एकता, समान अधिकार र साझा गौरवको मार्गप्रशस्त गरेको छ।रासस

# समावेशी सिद्धान्तको पूर्ण पालनामा सबैको प्रतिबद्धता अपरिहार्य : उपराष्ट्रपति



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसादयादवलेसंवैधानिक अङ्ग तथा निकायमा समावेशी सिद्धान्तको पूर्ण पालना गर्नु सबै पक्षको सक्रियता एवं प्रतिबद्धता अपरिहार्य हुने बताउनुभएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान दिवस (राष्ट्रिय दिवस), २०८२ का अवसरमा आज शुभकामना व्यक्त गर्दै उहाँले मौलिक हकहरूको अक्षरशः कार्यान्वयन, सङ्घीय संरचनाको सुदृढीकरण, शक्ति-स्रोतको न्यायोचित बाँडफाँट र प्रदेश तथा स्थानीय तहलाई संविधानसम्मत अधिकारसम्पन्न बनाउने कार्यमा सबै पक्षको सक्रियता एवं प्रतिबद्धता अपरिहार्य उल्लेख गर्नुभएको छ । सङ्घीय प्रणालीप्रति जनविश्वास कायम राख्न ती प्रयासहरू निर्णायक हुने उपराष्ट्रपति यादवको भनाइ छ।

उहाँले भन्नुभएको छ, "नेपालको संविधान नेपाली जनताको दीर्घ सङ्घर्ष, विविधता र समावेशिताको ऐतिहासिक उपलब्धि हो, यो दस्तावेजले हाम्रो राष्ट्रिय आकाङ्क्षा, सार्वभौम अधिकार र लोकतान्त्रिक मूल्यहरूको जग बसालेको छ।"

पछिल्लो समय संविधानको चौतारोभित्रै रहेर 'जेनजी' आन्दोलनको सम्बोधन तथा अन्तरिम सरकारको गठनको प्रसङ्गले संविधानको लचकता, समाधानमुखी प्रकृति र समावेशी चरित्रलाई पुनःपुष्टि गरेको सन्देशमा उल्लेख छ। "संविधानले हामीलाई न्याय, समानता, स्वतन्त्रता र सामाजिक न्यायको मार्गदर्शन प्रदान गर्दछ, यसले बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक समाजलाई एकताको सूत्रमा बाँध्दै समृद्ध राष्ट्र निर्माणको आधार तयार गरेको छ", उहाँले भन्नुभएको छ।

उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ भएका ऐतिहासिक आन्दोलनहरू र पछिल्लो समय 'जेनजी'को प्रदर्शनका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुभएका ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, घाइते तथा अङ्गभङ्ग भएकाहरूप्रति उच्च सम्मान र परिवर्तनका अग्रदूतहरूप्रति गहिरो प्रशंसा प्रकट गर्नुभएको छ।रासस

# संवैधानिक दायित्व पूरा गर्न राष्ट्रिय सभा सदैव क्रियाशील रहन्छ : राष्ट्रियसभा अध्यक्ष दाहाल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रतिनिधिसभा नभएको वर्तमान अवस्थामा संसद्को जिम्मेवारी र संवैधानिक दायित्व पूरा गर्न राष्ट्रियसभा सदैव क्रियाशील रहने विश्वास दिलाउनुभएको छ । उहाँले संविधान दिवसका अवसरमा शुक्रबार स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपाली दिदीबहिनी दाजुभाइमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै संविधान कार्यान्वयन, आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा र त्यसको पूर्ण पालनामा लाग्न सैबलाई आग्रह गर्नुभएको छ।



अध्यक्ष हादालले जेनजी पुस्ताको आन्दोलनले ल्याएको परिवर्तनसँगै सबै पक्षका बीचको एकताबाट तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्ने र देशलाई फेरि जननिर्वाचित प्रतिनिधिहरूकै नेतृत्वमा संविधानको रक्षा गर्ने चुनौती रहेको पनि उल्लेख गर्नुभएको छ।

श ु भ क ा म न ा सन्देशमा भनिएको छ, "यस अवसरमा देशको परिवर्तन र संविधानसभाबाट अग्रगामी संविधान निर्माणका लागि जीवन उत्सर्ग गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता तथा घाइते, अपाङ्गता भएका व्यक्तिप्रति उच्च सम्मान व्यक्त गर्दछु", विसं २०७२ असोज ३ गते जनताबाट निर्वाचित प्रतिनिधि रहेको संविधानसभाले नेपालको संविधान जारी गरेको थियो।

सोही दिनको सम्मान र स्मरणमा हरेक वर्ष असोज ३ गते संविधान दिवसलाई गौरव र उत्सवका रूपमा मनाउने गरिएको छ।रासस

# परिवर्तनप्रेमी शक्तिबीच दह्रो एकताको आवश्यकता छ : अध्यक्ष प्रचण्ड

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशले सबै लोकतन्त्रवादी, गणतन्त्रवादी, परिवर्तनप्रेमी शक्तिबीच दह्रो एकताको आवश्यकता औँल्याउनुभएको छ । संविधान दिवसका अवसरमा शुक्रबार शुभकामना व्यक्त गर्दै उहाँले लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र नै हुने उल्लेख गर्दै संविधान र लोकतन्त्रको रक्षामार्फत राष्ट्रको स्वतन्त्रताको रक्षा गुर्न सबै नेपालीको साझा कर्तव्य भएको बताउनुभएको छ।

उहाँले भर्खरैको जेनजी आन्दोलनसम्म आइपुग्दा समयले संविधानको निरन्तरतामा अझ विस्तार र परिमार्जन मागेको उल्लेख गर्दै अहिले सबैभन्दा उच्च प्राथमिकताका साथ देशव्यापी पुनर्निर्माणमा लाग्न म सम्पूर्ण पार्टी पङ्क्ति र जनसमुदायलाई आह्वान गर्नुभएको छ।रासस


## श्री किशोरी जनता माध्यमिक (०-१२)विद्यालय

(प्राविधिक तथा व्यावसायिक शिक्षा)

भंगहा नगरपालिका-९, हरिहरपुर हरिनमरी, महोत्तरी, मधेश प्रदेश

### भोल्ही पोखरीको माछा पालन ठेक्का बन्दोबस्त सम्बन्धी खुला /डाक बढाबढ प्रक्रियाका लागि आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०४**

उपरोक्त सम्बन्धमा यस विद्यालयको अधिनमा रहेकों भोल्ही पोखरीको माछा पालन ठेक्का म्याद यहि मिति २०८२/०६/१३ गते सकिन लागेकोले आगामी ५ वर्षको लागि मिति २०८२/०६/१० गते नयाँ ठेक्का लगाउनु पर्ने भएकोले निम्न लिखित शर्तहरुको अधिनमा रही खुल्ला डाक बडाबड आव्हान गरिन्छ।

**शर्तहरू**

१. खुल्ला डाक बडाबड प्रकृयाका लागि आव्हान गरिएको सुचना तालिका अनुसार श्री किशोरी जनता माध्यमिक विद्यालयको प्रांगनमा खुल्ला डाक बढाबढ प्रकृया अगाडी बढनेछ।

२. खुल्ला डाक बढाबढ प्रकृयामा समावेश हुन चाहने व्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको रकमको ५ (पाँच प्रतिशत )धरौटी रकम नगद जम्मा गर्नु पर्ने छ।बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न आउनु पर्ने छ। नआएमा राखिएको ५ प्रतिशत धरौटी रकम जफत हुनेछ।

३. ठेक्का वापत नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै कर ठेकदारले नै तिर्नु बुझाउनु पर्नेछ।

४. न्यून्तम ठेक्का रकम भन्दा सबै भन्दा बढी ठेक्का रकम कबोल गर्नेलाई स्वीकृत गर्नेछ।न्युन्तम ठेक्का रकम रु ३३,०७,५००(तेंतिस लाख ७ हजार ,पाँच सय)बाट बोल कबोल प्रकृया सुरु हुनेछ।

५. ठेक्काको सम्झौता गर्ने बखत ठेकदारले पहिलो किस्ता बराबरको रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ।

६. ठेक्का लागे पश्चात सो को संरक्षण, रेखदेख, व्यवस्थापन, नाफा, नोक्सान ठेकदार स्वयंले गर्नुपर्नेछ।

७. कुनै कारण देखाई वा नदेखाई डाक बढाबढ प्रकृयाबाट हुने ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित हुनेछ।

८. डाक बढाबढको अन्तर न्यूनतम २५ (पच्चिस )हजार रकमको फरकमा मात्र दोस्रो प्रतिष्पर्धीले बोल्नु पर्ने छ।

**नोट** : यस सुचनामा उल्लेख नभएको विषय नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रधानाध्यापक**

**सम्पर्क नं. ९८५४०५१०५२**





# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। समाज ।।

इ समाजेके बान्हल बन्धन या हइ कोनो एगो डोर यौ
एकरा जते खिचु ओते नमरे नइ खिचु त भेल छोट यौ ।
एकेलोग लागे बड निमन त ककरो लागे बड बेजाइ यौ,
आगु कहे तोरासंन नइ कोइ ? त पाछु करे बड हिमताइ यौ।।

कोइ देखाबे अलग चाल त कोइ अलग व्यवहार
कोइ करे बड बड बात त कोइ करे बड स्यहार ।
मुर्ख बनल य्मानी कदैय बोलिऐसे सबके फेल
परहल करे अपने मनमानी रहैने ककरोसे मेल ।।

कुछो कैलासे नै वदैल सकैब ,ककरो बोली
मनके घाउ अते वरहल लागे लाइगगेल बन्दुकके गोली ।
चाहे कलु कतवो निमन चाहे करु बैमानी,
सबकोहि बुझे अपने हिसाबसे करे अपने मनमानि।।



नाम :- शुशिला कुमारी महतो (शिक्षिका)
ठेगाना :- धनुषाधाम,हरिपुर

## ।। म, जेन जी ।।

हो, म जेन जी !
यस देशको नागरिक,
मेरो पनि अस्तित्व छ
त्यतिकै जेन जी भएको होइन म,
मेरो विगत लामो छ-
सन् १९९७ मा मेरो जन्म,
सन् २००१, २००५, २००८,
र २०१२ मा जन्मिएका मेरा भाइबहिनी।
हामी सबै फरक आमा-बाबाका,
तर एउटै पुस्ताका,
एकै रक्तधारका।
हामीले जन्मिँदै देख्यौं-
घरमा टेलिभिजन, मोबाइल, कम्प्युटर।
न्वारानमै कानमा गुन्जिए
मोबाइलका रिङटोनहरू।
सानैदेखि जोडियौं-
मोबाइल र इन्टरनेटसँग।
परिचित भयौं-विश्वसँग,
राजनीति, आविष्कार र समाजसँग।
हामीले सुनेका छौं-
स्वतन्त्रता, लोकतन्त्र र न्यायका गीत।
तिनै गीतका लयमा
हामी हुर्कियौं र गीत गाउन सिक्यौं।
तिनै गीतमा हाम्रो जीवन छ,
सिकाइ छ, व्यवहार छ, अनुशासन छ।
हामीले कसैको बिगारेका छैनौं।
बरु,
आफैँलाई सक्षम,
सीपयुक्त, रोजगारमुखी बनाएका छौं।
हामी अघि बढ्न चाहन्छौं।
हाम्रा सपनाहरूमा कसैले चोट पुर्‍यायो भने
हामी लड्न तयार छौं।
हाम्रो दुनियाँलाई खोस्न कसैले सक्दैन।
बुझ्नुस्,चाहे त्यो कुनै सरकार नै किन नहोस्।
हामी लड्छौं , लड्नेछौं-
स्वतन्त्रता, लोकतन्त्र, न्याय र समाजका लागि।
हामीलाई लुट्ने, भविष्य बर्बाद गर्नेहरूलाई
हामी कदापि छोड्ने छैनौं ।
हामी हाम्रो पुस्ता मात्र का लागि होइन,
आगामी पुस्ता जेन अल्फा र जेन बिटाका लागि
पनि लड्छौं, लडिरहने छौं।
सन् २०१२ पछि जन्मिएका
रोबोटिक र ब्ल्क का दुनियाँका सन्तानहरूले हामीलाई घृणा नगरून्।
हामी आज लडिरहेका छौं
जेन बिटाका लागि,
सन् २०२५ पछि जन्मिने,
ब्ल्क्; ब्ल्क्; द्यत्रक्ष र द्यष्य-च्यदयतष्अक बुझ्नेका लागि।
हामी लड्छौं -उनीहरूको भविष्यका लागि।
हाम्रो जेन जीको गौरव
इतिहासमा लेखिने छ।
आज हामी दुःख र पीडा सहिरहेका छौं
तर, भोलि उनीहरूले सहन नपरोस् भनेर
हामी आहुति दिइरहेका छौं ।
आज म कक्षा १२ सकेर विदेश जाने तयारीमा छु।
पासपोर्ट बनाएर भिसा माग्दै छु
किनभने, यहाँ भविष्य छैन।
तर, हामी हार मान्दैनौं।
किनकि, हामी सम्झौतावादी होइनौं।
निडरताका साथ,उत्साहका साथ
र दृढताका साथ लड्छौं हामी।
स्वतन्त्रता लिएरै छाड्छौं-हामी।
त्यसैले म फेरि भन्छु-
म जेन जी हुँ।
हामी जेन जी हौं।
परिवर्तन चाहने सबै-
हामी सबै जेन जी हौं।



लेखक अशोक यादव

## ।। अपन देश ।।

नेता भाषण करे, मंचपर चहैर चहैर,
शिक्षा आ रोजगारके, नारा लगाबे हजार।
पाँच बरिषके वादा, पन्द्रह बरिषके खेल,
जनता सिधा-साधा, फेर फँसलै भोट लेल ।
गाममे सड़क बनल नै, इनारमे पानी सुखायल,
बिजलीके नामे अन्हार, सरकारके मुँह फेरायल।
अस्पतालमे डाक्टर नै, बेमारी सब करै आह,
नेता बनल ठेकदार, जेबमे भरै चाह।
विद्यालयके टुटल छप्पर, विद्यार्थी ठाढ़े परहे,
शिक्षक छुट्टी खोजे रोज, तलब नै बरहे।
किताब बनल धन्धा, कापी बनल भार,
विद्यार्थीके सपना टुटल, भविष्य बनल बेकार।
रोजगारीके नारा, अखबारमे छपे रोज,
कारखाना नै, खेती सूखल, युवा बनल बोझ ।
बौआ-बुची परदेश गेलै, बुढ़वा रैह गेल गाउँ,
नेता सब विदेश घुमे, जनताके नै दिए भाउ।
संसद बनल बजार, मंत्री बनल व्यापारी,
जनता बुझे सब खेल, तैयो देतै चाइर चक्का गारी।
न्यायके सिंहासन हिलल, पैसाके राज बनल,
“लोकतंत्र“ के नाममे, जनता फेर ठकायल।
नेता गाड़ी बदले रोज, जनता पैदल चलल,
नेता घरमे भोज भेल, गरीबके चुल्ही जरल।
टाट-पलस्तर आ चरके घर, छत फोरे बरखा,
नेता महल सजाबे सोना, जनता भिजे बरखा।
कहिया आयत दिन उ, जखन सबके पेट भरल,
कहिया अपन देशके सपना सचमे होई सफल?
कहिया गाई भैंसी खेत खरिहान हरियर होतै,
कहिया अपन गाउ-नगरमे परदेशी आपस औतै?



नामः ब्रज भुषण कुमार कुशवाहा
पद: प्रधानाध्यापक, श्री मा. वि. दिगम्बरपुर, क्षिरेश्वरनाथ-८, धनुषा

## ।। आमा अब देश बनाउने तिम्रो जिम्मा ।।

बा हरुले तोरेको देश
आमा तिमी जोर्ने छौ
युवा युवताहरु लाई आमा
तिमी भविष्य कोर्ने छौ
भष्टाचारी दलाली घुस पैठ
आमा तिमी रोक्ने छौ
सुन्दर सान्त देश आमा तिमी
अब कोर्ने छौ
सबै जनताको आश छ आमा
सबै नेपालीको साथ छ आमा
न डराई अब तिमीले ति भष्टहरुलाई
जेल कोच आमा जसले देश रित्याएका
थिए
जसले जनताका करको पैसा ले
आफ्नो महल बनाएका थिए
त्यसता लाई नाङगे भ्कार बना आमा
तब देशले काचुली फेर्छ
जनताले सुखको सास फेर्छ



धनेश्वर ठाकुर
धनुषाधाम ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। हामी फेरी जुट्ने छौ ।।

अस्पतालबाट घाइते उठेको छैन
भोले बर्बराउदै छ
सहीदको शव उठेको छैन
गोली खाएको जवानसँग
अझै बर्दी भिर्ने हिम्मत जुटेको छैन
आमाका आँखा ओभाएकै छैनन्
जो मरेपनि नेपाली कै सन्तान हुन्
आँशुका धारा टुटेको छैन
यो सन्नाटामा काल पनि बौलाएर हाँस्छ
जब दुलोबाट टाउको उठाएर
हत्याराले भन्दै छः
“हामी फेरि उठ्छौं
हाम्रो मनोबल टुटेको छैन 
हामी फेरी कुद्ने छौ
सावधान भोले,
हामी फेरी भिड्ने छौ !!



लेखकः बिरेन्द्र कुमार चौधरी
मिथिला नगरपालिका वडा नं०३, हरिहरपुर
धनुषा नेपाल

## ।। अहिले हाम्रो देशको हालत ।।

अहिले हाम्रो देश, प्रश्नहरूको अन्धकार भित्र,
सपना देख्ने आँखाहरू अझै पनि उज्यालो खोज्दै छन्।
पहाड, तराई, हिमालको हावा अझै ताजा छ,
तर जनताको मनमा पीडा र अपूर्णताको बोझ भारी छ।
कसैको हातमा सत्ता छ, कसैको हातमा बल,
तर आम नेपालीको हातमा दुःख, पसिना र संघर्षको हल।
राजनीतिक भाषणहरू उड्छन् आकाशमा,
तर जमिनमा किसान अझै बिउको लागि चिन्तामा।
युवा हजुरकोदेशमै काम गर्ने सपना बोकेर उड्छन्,
तर टिकट र पासपोर्टको लाइनमै भविष्य हराउँछन्।
आमा-बुबा आँखा रसाएर बिदा दिन्छन्,
“देशमै बस” भन्न नपाई विदेश पठाउँछन्।
न्यायको कुरा गर्नेहरू धेरै,
तर पीडितको आवाज सुन्ने कान कहाँ छ?
शिक्षा महँगो, रोजगार छैन,
अस्पताल धनीका लागि मात्र सजिलो छ, गरिब अझै लाइनमै छन्।
तर यो देशको सुगन्ध, माटोको प्रेम,
कसैले चोर्न सक्दैन, कसैले मेट्न सक्दैन।
जनताको हृदयमा अझै उज्यालो सपना छ,
नेपाललाई बदल्ने साहस र आशा अझै बाँकी छ।
हावा जसरी अवरुद्ध हुँदैन, नदी जसरी रोकिन्न,
त्यसरी नै हाम्रो देशको भविष्य पनि हराउँदैन।
संघर्षको बाटो लामो छ, आँसु र पसिनाले भरिएको छ,
तर भोलि बिहान निश्चय उज्यालो हुनेछ।
आऊ साथीहरू, आवाजलाई एकतामा बाँधौं,
देशलाई प्रेमले, न्यायले, सत्यले सजाऔं।
हाम्रो देश अहिले अन्धकारमा भए पनि,
भोलि नेपाल निश्चित सुनौलो बिहानमा फक्रिनेछ।



कविता लेखकः- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षाः- बि.एड स्नातक चौथो बर्ष
ठेगानाः- सीतापुर खोरिया, भुषरूपुर - बटेश्वर-३
अध्ययनरत हाल कलेजः- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी

## ।। आहुति ।।

मौन छु ! अनि म गौण छु,
त्यो आहुतिको वेदनाले म मौन छु ।
घरबाट सुनौलो सपना देख्दै निस्किएका ,
कलिला सन्तति नफर्केर मौन छु।
रातो मुस्कुराउँदै गरेका ती सिन्दुर,
रगतमै लत्पतिएको देख्दा मौन छु ।।
त्यो निहत्था ,गरिबका आहुति देख्दा,
हो , मौन छु ! अनि म गौण छु ।।
छोराले आफ्ना देशका निम्ति ,
दिएको आहुति देखेर मौन छु।
छोरोले त वीर सहिद भए भनेर,
आफैँलाई सम्हाल्न खोज्दा,
त्यो आहुतिको भद्दा मजाक बनाइएको ,
देख्दा हृदय रोएर मौन छु ।
शान्ति ,समृद्धिका आश बोकेका,
आवाज उठाउँदा लास बनाइएका ।
सहिदका आहुति माथि,
सहिदका ती बलिदान माथि ,
राजनीतिका भद्दा खेल,
रचेको देख्दा मौन छु ।
अनि म गौण छु ।।
मनमा एउटै आश छ बाँकी ,
हे भावीका सन्ततिहरु ।
खेर नजाओस् ,त्यो सहिदका सपना ,
ती सबै आहुतिका बिन्तीहरु ।।



साधु शरण महतो 'अदित्य'
भंगहा नपा.-४ रामनगर बिर्ता
हाल:नलगाड नगरपालिका,जाजरकोट

## ।। दसैं-नवरात्री ।।

गाउँको आँगन सम्झिँदा मन भरभराउँछ,
टीका-जमरा सम्झिँदा आत्मा भन् नाच्छ।
दुर्गा भवानीको भक्ति, शक्ति र कृपाले,
नवरात्रीमा हरेक मन उज्यालो बन्छ भाले।
ढोल-मादल गुन्जन्छ गाउँको गल्ली गल्ली,
परदेशी छोरा सम्झन्छ आमा भन् मलीन छाती।
फुलपातीको रङ, दुर्गा पूजाको तान,
परिवार भेट्दा आउँछ, हर्ष-खुसीको आनन्दस्थान।
पिङको झोकामा बालापन मुस्कुराउँछ,
देउसी-भैलो गाउँदा आँगन भन् रमाउँछ।
मायाले गाँस्ने पर्व यही दसैं-नवरात्री,
सबैलाई शुभकामना, सुख-शान्ति भरी।



लेखक : नवल प्रसाद यादव(पत्रकार )
ठेगानाः सखुवा प्रसौनी गाउँपालीका ,पर्सा

## 'रगतले रङ्गिएको जुत्ता'

रगतले रङ्गिएको जुत्ता,
अझै ताजै छ धुलोमा पल्टिएको,
जसले कहिल्यै सोचेन होला–
आज यो यात्राको अन्तिम स्मृति बन्नेछ भनेर ।
कसको सपना थियो यो ?
कसको हातले बाँधिएको तुना ?
कसको खुट्टाले बाटो नाप्थ्यो ?
आज त्यसैलाई खोज्दै, आँसु बगिरहेका छन् ।
यो जुत्तासँगै हाँस्दै हिंड्थे,
पसिना बगाउँदै श्रम गर्थे,
कहिलेकाहीँ खेलमै रमाउँथे,
तर आज–सबै ख्वाबहरू,
रगतको दागमा हराए जस्तो देखिन्छ ।
सडक मौन छ,
तर यो मौनता भन्दा ठूलो चिच्याहट,
यस जुत्ताभित्र कैद छ–
एक अधुरो जीवन,
एक अधुरो सपना,
एक अधुरो भविष्य ।
हे जुत्ता !
तिमी अझै बोल्छौ–
“मसँग अझै धेरै बाटो बाँकी थियो,
तर मालिक हराएपछि
म पनि परित्यक्त भएर बस्न बाध्य भएँ ।”
मान्छे मरेपछि जुत्ता बाँच्छ,
जुत्ता बाँचेपछि सम्झना बाँच्छ,
तर सम्झना भन्दा गहिरो कुरा के छ भने–
यो पीडा,
यो अन्याय,
यो मौन रगतको धब्बा,
जसले संसारकै अन्तरात्मा हल्लाउन सक्छ ।



सुनिल कुमार मंडल
श्री उ. मा. वि प्रितपुर पर्वता ९ धनुषा
हाल : धनुषाधाम न.पा वडा ५ पर्वता धनुषा

## ।। दशै आयो ।।

हरेक को घरघर मा खुशी छायो
महान चाड पर्व दशै आयो
हुने खाने परिवारहरु ले सारै रमायो
न हुने कम कमाउने परिवारहरु ले
पनि रिण बोको छाती ठोकी
जे हुन्छ राम्रो हुन्छ भनी रमाए
महान चाड दशै आयो
आफ्नै घरमा बसी मिठो मिठो खाए
महान चाड पर्व दशै आयो
हरेक को घर घर मा खुशी छायो
रोटे पिग खेली सर सर ती घुमायो
मेलाहरु मा घुम्न गई सबै खुशी ले रमाए
हरेक को घरघर मा खुशी छायो
महान चाड पर्व दशै आयो
आ आफ्नो भाकल पूरा गर्न
दुर्गा माता लाई बली चडाए
त्यही बली को प्रसादी खाए
महान चाड दशै मनाए
सबै रमाए दुर्गा माताको चरण समाए
जय दुर्गा माता कि जय



कृष्टिना दहाल
हेटौडा कमाने -८
श्री चन्द्रोदय उ. मा.वी हेटौडा

सम्झि रहनु पर्दैन मलाई
न बिर्सिदिए पुग्छ
आफ्नो भनी रहनु पर्दैन मलाई
पराई न भनि दिए पुग्छ
म जहाँ गए पनि नाम न भए
कामले बोलाई दिए पुग्छ
सम्झि रहनु पर्दैन मलाई
न बिर्सिदिए पुग्छ
माया रुपले हैन
मनको कथाले मन पराउछ
परिश्रम गर्ने मानिस हरुलाई
सधै भगवानले साथ दिन्छ
म सक्छु भनी मात्र हेर
साथ दिने हातको तात लाग्छ
यदि तिमीलाई कसैले केही गरे
सत्यताको पछी साथ लाग्छ
सम्झि रहनु पर्दैन मलाई
न बिर्सिदिए पुग्छ

कृष्ण प्रसाद दहाल (भाग्यमानी )
जनकपुर ४

# ‘संविधान र लोकतन्त्र रक्षार्थ सबै एकताबद्ध बनौं’



कर्णाली । कर्णाली प्रदेशका प्रमुख यज्ञराज जोशीले संविधान र लोकतन्त्रको रक्षा गर्दै समृद्ध मुलुक निर्माणका लागि सबै नेपालीलाई एकताबद्ध बन्न आग्रह गर्नुभएको छ । कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा शुक्रबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित ‘संविधान दिवस तथा राष्ट्रिय दिव-२०८२ मूल समारोह’मा उहाँले संविधानको पालना गर्दै लोकतन्त्रको रक्षाका लागि सबैको समन्वय र सहकार्य आवश्यक पर्ने बताउनुभयो ।

जेनजी प्रदर्शनका क्रममा उठाइएका सवालहरू राष्ट्रको समृद्धि र उन्नतिका लागि भएको बताउँदै प्रदेश प्रमुख जोशीले प्रदर्शनको नाममा फाइदा उठाउन खोज्नेहरू सचेत हुनुपर्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “मुलुक यतिबेला राजनीतिक सङ्कटमा छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संरक्षण गर्दै जनताको पक्षमा काम गर्ने सबै लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा आउनुपर्ने आवश्यकता छ । यसमा कोही कसैलाई आग्रह-पूर्वाग्रह नराखी राष्ट्र निर्माणको अभियानमा जुट्न म अनुरोध गर्दछु ।”

प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले जेनजी प्रदर्शनले उठान गरेका मुद्दा भ्रष्टाचार अन्त्य र सुशासन कायमका लागि भएको बताउँदै भदौ २४ गतेको आगजनी, तोडफोड, चोरी, लुटपाटलगायत घटना निन्दनीय भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “हामी मनाउँदै गरेको संविधान दिवस अहिले अर्धमृत अवस्थामा छ । संविधान र हाम्रा प्राप्त उपलब्धिहरू गुम्ने खतरामा छन् । यसको संरक्षणका लागि सबै एकजुट हुनुको विकल्प छैन ।”

प्रदेशसभाका सभामुख नन्दा गुरुङले समावेशी चरित्र बोकेर सामाजिक न्यायका पक्षमा आएको वर्तमान संविधानको रङ्याका लागि सबै लोकतान्त्रिक शक्ति एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

संविधान र सङ्घीयताले सदियौँदेखि पछि परेका महिला, दलित, आदिवासी, सीमान्तकृत,

> “संविधान दिवस तथा राष्ट्रिय दिव-२०८२ मूल समारोह”मा उहाँले संविधानको पालना गर्दै लोकतन्त्रको रक्षाका लागि सबैको समन्वय र सहकार्य आवश्यक पर्ने बताउनुभयो ।

अल्पसङ्ख्यक र पिछडिएका वर्ग, जाति, भाषा, धर्म मान्ने यहाँका नागरिकलाई न्याय गरेको उहाँको भनाइ छ ।

नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका नेता जीवनबहादुर शाहीले वर्तमान संविधानको रक्षा गर्दै मुलुकमा भष्टाचार अन्त्यका लागि सबै एकजुट भएर परिवर्तनका पक्षमा काम गर्नुपर्ने बताउनुभयो । “वर्तमान संविधानका कारण आज मुलुकमा आउनसक्ने खतरा टरेको छ”, उहाँले भन्नुभयो, “जेनजी प्रदर्शनपछि आएको परिवर्तनले मुलुकलाई सकरात्मक मार्गमा डोहोऱ्याउन सहयोग पुग्ने अपेक्षा गरौँ ।”

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक कृष्ण जिसीले जेनजी प्रदर्शनले मुलुकको नीति र नेतृत्व दुवै सुध्रिनुपर्ने सन्देश दिएको बताउनुभयो । जनताको शक्तिका अगाडि कुनै पनि बादशाहले घुँडा टेक्नुपर्ने टिप्पणी गर्दै उहाँले सुशासन, भ्रष्टाचारमुक्त देश र जनहितमा काम गर्ने नेतृत्व जन्माउन जेनजी प्रदर्शले बाटो देखाएको उहाँको भनाइ छ ।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका मन्त्री, प्रमुख सचिव, प्रदेश सचिव, सुरक्षा निकायका प्रमुख, मानवअधिकार आयोगका प्रमुख, नागरिक समाजका अगुवा तथा पत्रकार एवं सञ्चारकर्मीहरूको उपस्थिति थियो ।रासस

# निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने भूमिका खेल्न राष्ट्रपतिको आह्वान

> “यो संविधानले नेपाली जनतालाई सर्वभौमसत्ता र स्वतन्त्रता दिएको छ । सबै जात, धर्म र सम्प्रदाय सम्बद्ध जनतालाई समान हक दिएको छ । र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ । हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौं । यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो । त्यसैले सबैले यसको रक्षा गरौं ।”

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने भूमिका खेल्न सम्बद्ध सबैलाई आह्वान गर्नुभएको छ ।



संविधान दिवस (राष्ट्रिय दिवस), २०८२ का अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले प्रतिनिधिसभाबाट मन्त्रिपरिषद् गठन गर्ने कुनै उपाय नभएपछि आम सहमतिले उत्पन्न सङ्कटबाट मुलुकलाई निकास दिएको बताउनुभयो । राष्ट्रपति पौडेलले देशमा उत्पन्न भएको विषम परिस्थितिलाई दृष्टिगत गरी छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउनेगरी अहिलेलाई राजनीतिक निकास दिएको प्रसङ्ग उल्लेख गर्दै तोकिएको समयसीमाभित्रै प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी दिगो ढङ्गबाट राजनीतिक निकास दिने पक्षमा चालिएको कदमलाई सहयोग पुर्याउन सम्बद्ध सबै पक्षसँग अनुरोध गर्नुभयो ।

उहाँले अहिलेको घडीमा सबै राजनीतिक दल, मुलुकको प्रशासन तथा व्यवस्थापनमा आबद्ध निकाय, बौद्धिक समुदाय र नागरिकहरूलाई असहमति र द्वन्द्व छोडेर पूर्वाग्रहरहित भई समन्वय र सहकार्यसाथ निर्वाचनको सफलताका लागि क्रियाशील हुन आह्वान गर्नुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, “यो संविधानले नेपाली जनतालाई सर्वभौमसत्ता र स्वतन्त्रता दिएको छ । सबै जात, धर्म र सम्प्रदाय सम्बद्ध जनतालाई समान हक दिएको छ । र, समन्वय कायम गरी उन्नति गर्ने अवसर दिएको छ । हामी संवैधानिक विकासको इतिहासमै सबैभन्दा बलियो र सार्वभौम भएका छौँ । यो हामीले प्राप्त गरेको युगीन उपलब्धि हो । त्यसैले सबैले यसको रक्षा गरौँ ।”

राष्ट्रपति पौडेलले हरेक पुस्ताको सहभागिताले लोकतन्त्र बलियो हुँदै जान्छ भन्ने आफ्नो दृढ विश्वास रहेको उल्लेख गर्दै आफैँ पनि १७ वर्षको कलिलो उमेरमा २०१७ सालमा प्रजातन्त्रका लागि राजनीतिमा होमिएको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, “परिस्थितिले मलाई भदौ २४ गतेपछि उत्पन्न राजनीतिक अप्ठ्यारो र रिक्तता सम्हाल्ने ठाउँमा ल्याएर राखेको छ । सबैको सुझबुझ, समन्वय र सहयोगका कारण हामीले यो असहज परिस्थितिलाई सम्हालेका छौँ ।”

राष्ट्रपति पौडेलले हामी लोकतन्त्रप्रति प्रतिबद्ध रहनेछौँ, नागरिकलाई केन्द्रमा राखेर अगाडि बढ्नेछौँ, सुशासनप्रति प्रतिबद्ध रहनेछौँ र राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा तथा मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्नेछौँ भनी संविधान दिवसको दिनमा सबैलाई सङ्कल्प गर्न आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, “राजनीतिक दल, सरकार, राज्यका निकाय र आमनागरिक सबै मिलेर हाम्रो संविधानलाई अझ जीवन्त, न्यायपूर्ण र भविष्यमुखी बनाउँदै नेपाली नागरिकले परिवर्तनका आन्दोलमा देखेका सपनाहरू पूरा गर्ने नयाँ आशा, अपेक्षा र विश्वाससहितको गौरवमय यात्रामा अघि बढ्न सकौँ भन्ने शुभकामना पनि दिन चाहन्छु । र, यस कठिन परिस्थितिमा हाम्रा सबै मित्र राष्ट्रहरूको निरन्तर सहयोग तथा सद्भावको अपेक्षा पनि गर्दछु ।”

राष्ट्रपति पौडेलले लोकतन्त्र र संविधानको भावना, नवपुस्ताको परिवर्तनको सपना र जनचाहनाअनुसार तत्कालीन समयमा जेजति गर्न सकिन्थ्यो त्यो सबैले मिलेर गरेको उल्लेख गर्दै मुलुक फेरि एकपटक नयाँ सपनाका साथ परिवर्तनको नवमार्गमा प्रवेश गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “नयाँ जनादेशले लोकतन्त्रलाई थप संस्थागत गर्दै मुलुकको आगामी बाटो तय गर्नेछ भन्ने मेरो दृढ विश्वास छ । अहिले बनेको अन्तरिम सरकारले राष्ट्रिय क्षतिको पुनःनिर्माण गर्दै छ महिनामा निर्वाचन सम्पन्न गरी जनप्रतिनिधिमूलक संस्थालाई सत्ता हस्तान्तरण गर्नेछ । यो नै सबै नेपालीको अहिलेको मुख्य कार्यभार हो ।”

राष्ट्रपति पौडेलले दुई दिनको विरोध प्रदर्शनमा मुलुकले अकल्पनीय मानवीय र भौतिक क्षति व्यहोरेको उल्लेख गर्दै भन्नुभयो, “छोराछोरीको एउटा अभिभावकका रूपमा म जीवन गुमाउने ती युवाहरूका बुबाआमाको पीडा अनुभव गर्न सक्छु । त्यसक्रममा भएको राष्ट्रको अपूरणीय जनधनको क्षतिको पनि अनुमान गर्दछु । राष्ट्रको अभिभावकका रूपमा मुलुकले ती कर्णाधार युवाहरू गुमाउँदाको क्षति अनुभूत गर्न सक्छु । आज संविधान दिवसका दिन म ती सारा युवाहरूको जागरुकता र सदिच्छा स्मरण गर्न चाहन्छु, जो मुलुकमा थिति बसोस् र राष्ट्रको भविष्य उज्ज्वल होस् भनेर भदौ २३ गते सडकमा आएका थिए ।”

राष्ट्रपति पौडेलले हाम्रो संस्कृति, प्रकृति र भौगोलिक विविधताले आफैँमा असीमित सम्भावना बोकेको उल्लेख गर्दै यी सम्भावनालाई न्यायोचित ढङ्गले उपयोग गर्न सके आमनेपालीको जीवनस्तरमा रूपान्तरण ल्याउन सकिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “त्यसका लागि हाम्रो संविधानले सदैव मार्गदर्शन गर्दछ । सबैलाई थाहा छ कि हाम्रो संविधानले लोकतन्त्रमा आधारित समाजवादउन्मुख अर्थतन्त्रको लक्ष्य लिएको छ । यो लक्ष्यका लागि राज्यबाट प्राप्त हुने सेवासुविधा र अवसरमा समान पहुँच कायम गर्नु, सामाजिक सुरक्षा सुनिश्चित गर्नु र समावेशी विकासलाई गति दिनु आजको मुख्य आवश्यकता हो ।”

राष्ट्रपति पौडेलले आजको सुशासन, बेथितिको अन्त्य, रोजगारी सृजना, वातावरणीय दिगोपन र सामाजिक न्यायलाई प्राथमिकतामा राख्न सकेमात्र संविधानले परिकल्पना गरेको समतामूलक र समृद्ध नेपाल सम्भव भएको भन्दै जेनजी पुस्ताले अहिले मागेको भ्रष्टाचार र बेथितिको अन्त्य होस् भन्ने कुरालाई सबैले मनन गरी सुध्रिएर अघि बढ्न आग्रह गर्नुभयो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वराष्ट्रपतिद्वय डा रामवरण यादव र विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल ‘प्रचण्ड’, झलनाथ खनाल, माधवकुमार नेपाल र डा बाबुराम भट्टराई तथा जेनजी पुस्ताका प्रतिनिधि उपस्थित हुनुहुन्थ्यो ।

त्यसैगरी, संवैधानिक निकायका प्रमुख तथा प्रतिनिधि, उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि र समाजका विभिन्न क्षेत्रका महानुभावहरू सहभागी हुनुहुन्थ्यो ।रासस

# जलाइएका सामग्रीको विवरण सङ्कलन गर्न समिति गठन

काठमाण्डु । गत भदौ २३ र २४ गते जेनजीको प्रदर्शनका क्रममा सिंहदरबारस्थित कृषि तथा पशुपन्छी मन्त्रालयका जलाइएका सामग्रीको विवरण सङ्कलन गर्न समिति गठन गरिएको छ ।


मन्त्रालयका प्रवक्ता एवं सहसचिव डा जानुका पण्डितको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिमा प्रशासन, लेखालगायत शाखाका कर्मचारीलाई सदस्य राखिएको छ । गत आइतबारको सचिवस्तरीय निर्णयअनुसार समिति गठन गरिएको प्रवक्ता पण्डितले राससलाई जानकारी दिनुभयो ।



गत भदौ २३ गते र भदौ २४ गते कर्मचारीका सवारीसाधन मन्त्रालय परिसरमै थिए । त्यस दिन सिंहदरबारको मूलढोकाबाट सरकारी नम्बर प्लेटका गाडी निकाल्न दिइएको थिएन । मन्त्रालयअन्तर्गत रहेको बालाजुस्थित मत्स्य विकास केन्द्रमा रहेका सरकारी सवारीसाधन पनि जलाइएका र त्यसको विवरण तयार पारेर प्रतिवेदन बुझाइने प्रवक्ता पण्डितले बताउनुभयो ।

मन्त्रालयको ४१ गाडीमा आगजनीबाट क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका २९ मोटरसाइकल जलाइएका छन् । मन्त्रालय परिसरमा पार्किङ गरिराखिएका नौ मोटरसाइकल हराए तथा १० स्कुटर जलाइएका सवारी हेर्ने ।रासस

# राष्ट्रिय एकता नै स्थायित्वको आधार: नेता सिटौला



काठमाण्डु । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले वर्तमान अवस्थामा राष्ट्रिय एकता नै स्थायित्वको आधार भएको बताउँदै सबैलाई एकजुट हुन आग्रह गर्नुभएको छ ।

बिपी चिन्तन प्रतिष्ठान केन्द्रीय समितिद्वारा संविधान दिवसका अवसरमा शुक्रबार आयोजित ‘मौजुदा संविधान र यसका चुनौतीहरू’ विषयक अन्तरसंवादमा उहाँले संविधानविपरीत हुने कार्य अस्वीकार्य हुने स्पष्ट पार्नुभयो । नेता सुटौलाले भन्नुभयो, “भावनात्मक रूपले एक हुनुपर्छ । जनताको सर्वोच्चतालाई बचाउन सकारात्मक माहोल निर्माण गरौँ । जनताको भावनात्मक एकता नै राष्ट्रको सुरक्षा कवच हो । राष्ट्रिय एकता नै स्थायित्वको आधार हो ।”

कांग्रेस नेता शशाङ्क कोइरालाले लामो सङ्घर्षपछि जारी भएको संविधानलाई कमजोर पार्ने कार्य स्वीकार्य नहुने प्रस्ट पार्नुभयो । उहाँले हाल देखिएका घटनाबारे उल्लेख गर्दै भन्नुभयो, “जेनजी आन्दोलन परिकल्पनाभन्दा बाहिरको घटना भएको हुँदा यसलाई संयमित भएर समीक्षा गर्न जरूरी छ ।”केन्द्रीय सदस्य पुष्पा भुसालले समाजले माग गरिरहेका नयाँ मुद्दालाई सम्बोधन हुनेगरी संविधान संशोधन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, “जबसम्म जीवनशैलीमा परिवर्तन हुँदैन, तबसम्म प्रणाली राम्रो भएर मात्र पुग्दैन ।”

कार्यक्रममा पूर्वमन्त्री रामचन्द्र अधिकारी, नेपाल बार एसोसिएसनका अध्यक्ष प्राडा विजयप्रसाद मिश्र, नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनका अध्यक्ष सीताराम केसीलगायतले संविधान कार्यान्वयनमा दलहरू चुकेको टिप्पणी गर्दै अब सम्हालिएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । प्रतिष्ठानका अध्यक्ष हरिबोल भट्टराईले लोकतन्त्रलाई थप बलियो बनाउन र संविधानको रक्षा गर्न सबै एकजुट हुनुपर्ने धारणा राख्नुभयो ।रासस

# नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढनुपर्छः मुख्यमन्त्री आचार्य

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढनुपर्ने बताउनुभएको छ ।



संविधान दिवसका अवसरमा प्रदेश सरकाले शुक्रबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित मूल समारोहमा युवा पुस्ताको चाहनाअनुरूप सरकारका काम थप पारदर्शी, जवाफदेही र जिम्मेवार ढङ्गले अघि बढाइने बताउनुभयो । मुख्यमन्त्री आचार्यले लोकतान्त्रिक विधि र प्रक्रियामार्फत संविधानको कार्यान्वयन नै सबैको साझा लक्ष्य हुनुपर्ने यही लक्ष्यले मुलुकलाई निकास दिने विश्वस्त व्यक्त गर्नुभयो ।

उहाँले सेवा प्रवाहमा हुने ढिलासुस्ती र फाइल रोकिराख्ने प्रवृत्तिको जरैदेखि अन्त्य गर्नु आजको आवश्यकता भएको बताउनुभयो । “संविधानले सामाजिक न्याय, समावेशिता, समानता, सहिष्णुता र सद्भावलाई संरक्षण गर्दै समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने सङ्कल्प बोकेको छ । प्रदेश सरकारले संविधान, दिगो विकासका लक्ष्य, अन्तरराष्ट्रिय प्रतिबद्धता तथा दोस्रो आवधिक योजनालाई आधार मान्दै नीतिगत, संरचनात्मक र कानुनी सुधारका कार्यलाई अगाडि बढाइरहेको छ । यसमा सबैको सहयोग आवश्यक छ”, मुख्यमन्त्री आचार्य भन्नुभयो ।

कार्यक्रममा प्रदेशसभाका सभामुख तुलाराम घर्तिमगरले संविधानभित्रैबाट निकास खोजिनुपर्ने बताउनुभयो । “हाम्रो संविधान अब्बल छ हो । यहीभित्र बसेर युवा पुस्ताको सोचलाई सम्बोधन गर्दै अघि बढ्न सकिन्छ”, उहाँले भन्नुभयो “अहिले देखिएको विद्रोहको व्यवस्थापन पनि संविधानभित्रै गर्नुपर्छ । अब सबैले आत्मसमीक्षा गरेर कार्यशैली बदल्न सक्नुपर्छ ।

> “हाम्रो संविधान अब्बल छ हो । यहीभित्र बसेर युवा पुस्ताको सोचलाई सम्बोधन गर्दै अघि बढ्न सकिन्छ”

जनता असन्तुष्ट हुनेगरी काम गर्नु हुँदैन ।” पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संविधानलाईअझमाटोसुहाउनेगरी परिमार्जन गरेर सबैका भावनालाई समेट्न आवश्यक रहेको बताउनुभयो । पूर्वमुख्यमन्त्री जोखबहादुर महराले सामाजिक परिवर्तनको नेतृत्व वर्तमान संविधानले गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभाका विषयगत समितिका सभापति, प्रमुख सचेतक, सचेतक तथा सदस्यहरु, प्रदेश सरकार विभिन्न मन्त्रालयका सचिव तथा कर्मचारी, स्काउट विद्यार्थी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो ।रासस

# संविधान कार्यान्वयनमा सबै लागौंः अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले संविधानको रक्षा गर्दै कार्यान्वयनका निम्ति सक्रिय हुन सबैलाई आह्वान गर्नुभएको छ । संविधानलाई संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

संविधान दिवसका अवसरमा पेरिस डाँडास्थित माओवादी केन्द्रको पार्टी कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा अध्यक्ष दाहालले संविधानलाई बचाउनका निम्ति आफूले सक्दो पहल गरेको बताउनुभयो । यही भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शनका क्रममा केही घुसपैठ भएको उहाँको भनाइ छ ।

“जेनजीले उठाएका माग हामीले आजभन्दा १० वर्ष अगाडिदेखि नै उठाउँदै आएका हौँ, तर अहिले जेनजीले आन्दोलन गर्नुपर्ने र दर्जनौँ



युवाले ज्यान गुमाउनुपर्ने परिस्थिति सिर्जना हुनु राम्रो होइन”, अध्यक्ष दाहालले भन्नुभयो । आफ्नो पार्टी सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सङ्घीयतालगायत महिला, दलित, आदिवासी जनजाति, मधेसी र मुस्लिम समुदायको संवैधानिक अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै उहाले अब हिनाताबोधभन्दा पनि सक्रियताका साथ अगाडि बढ्न आग्रह गर्नुभयो ।रासस

# युक्रेनलाई रूसी आक्रमणविरुद्ध सक्षम बनाउन पश्चिमी लगानी

एपी

किएभ। नाटो सदस्यताको सम्भावना सीमित भएपछि युक्रेनका पश्चिमी सहयोगीहरूले वैकल्पिक रणनीतिमा ध्यान केन्द्रित गरेका छन् - युक्रेनको रक्षा उद्योगमा अर्बौं डलरको लगानी । उद्देश्य स्पष्ट छः युक्रेनलाई आफ्नै हतियार उत्पादन गर्न सक्षम बनाउने, रूसी आक्रमणविरुद्ध टिक्न मद्दत गर्ने र भविष्यमा स्वतन्त्र रूपमा रक्षा गर्न सक्ने बनाउन ।यस रणनीति सफल भएमा युक्रेनको हतियार उद्योगले युद्धको बीचमै ड्रोन र अन्य आधुनिक प्रविधि विकास गर्दै अमेरिकी तथा युरोपेली सेनालाई समेत सुसज्जित गर्न सक्छ।



हालै युक्रेनले विकास गरेको क्वाडकप्टर ड्रोनले रूसी जामिङ उपकरणलाई छल्न सक्छ, २० किलोमिटरभन्दा बढी उड्न सक्छ र छ किलोग्रामसम्मका निर्देशित विस्फोटक बोक्न सक्छ। "ड्रोन प्रविधिमा युक्रेन विश्वकै अग्रपङ्क्तिमा छ", युक्रेनका लागि ट्रम्प प्रशासनका विशेष दूत किथ केलोगले गत हप्ताको किएभ सम्मेलनमा भन्नुभयो। विशेषगरी बेलारुसबाट प्रक्षेपण भएका रूसी ड्रोन पोल्यान्डमा खसेपछि युरोपमा पनि चिन्ता बढेको छ।

युक्रेनले अहिले आफ्नै हतियार उत्पादनलाई तीन गुणा गर्दै सेनाका लागि ६० प्रतिशत आवश्यकताहरू पूरा गरिरहेको छ। यो जुन युद्ध सुरु हुनुअघि १० प्रतिशत मात्र थियो। तर यसको ६४ अर्ब डलरको वार्षिक रक्षा बजेट अझै पनि रूसको आधाभन्दा कम छ। यसैले देशले पश्चिमी लगानी र संयुक्त उद्यमलाई प्राथमिकता दिइरहेको छ ।लन्डनस्थित इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजका फेबियन हिन्जका अनुसार युक्रेनसँग युद्ध-परीक्षण भएका प्रणाली, कम उत्पादन लागत र तीव्र उत्पादन क्षमताको फाइदा छ।

### युद्धले तिखार्दै नवप्रवर्तन

युद्धका कारण नवप्रवर्तनको चक्र छिटो भएको छ। एफआरडिएम कम्पनीको आर-३४ क्वाडकप्टर ड्रोन निरन्तर सैनिकहरूको प्रतिक्रियामा परिमार्जन हुन्छ। संस्थापक भादिम युनिक भन्नुहुन्छ, "रोबोटहरूले अगाडिको रेखामा मर्नुपर्छ, मानिसहरूले होइन।"

मानव शक्ति अभावले पनि युक्रेनी कम्पनीहरूलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र रोबोटिक्समा लगानी गर्न प्रेरित गरेको छ । यसका कारण सेनाले अब ड्रोन र स्वायत्त सवारी प्रयोग गरी टाढाबाट निशाना साध्न, आपूर्ति पुऱ्याउन र घाइते निकाल्न सक्ने क्षमता पाएको छ ।युक्रेनका अनुसार फ्रन्ट लाइनमा प्रयोग हुने एफपिभी (पहिलो-व्यक्ति दृश्य) ड्रोनहरूले मात्र रूसी जनशक्ति र हतियारमा ७० प्रतिशत क्षति पुऱ्याएका छन् । अर्कोतर्फ, लामो दूरीका स्ट्राइक ड्रोनहरूले एक हजार किलोमिटरसम्म पुगेर रूसी भित्री भागमा प्रहार गर्न सक्छन्।

### परम्परागत हतियारमा सुधार

ड्रोनसँगै युक्रेनी कम्पनीहरूले बख्तरबन्द सवारी साधनहरूमा पनि प्रगति गरेका छन्। युक्रे आर्मोटेकको गुर्जा-१ पैदल सैनिकलाई सुरक्षित राख्न डिजाइन गरिएको छ भने गुर्जा-२ चाँडै उत्पादनमा जाने तयारीमा छ। कम्पनीले गत वर्ष पाँच सय सवारी उत्पादन गरेको थियो र क्षमता तीन गुणा बढाउने योजना बनाएको छ। विज्ञ पाभ्लो भर्खनियात्स्की भन्नुहुन्छ, "हामीलाई थाहा छ रूसले कुन-कुन हतियार प्रयोग गर्छ, त्यसअनुसार कवच विकास गर्छौं।"

### युरोपेली लगानीमा भर

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले युक्रेनलाई 'अभेद्य' बनाउन ठूलो लगानी गर्ने घोषणा गर्नुभएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले वार्षिक ३० अर्ब डलरको हतियार उत्पादन सम्भव हुने दाबी गर्नुभएको छ।

युक्रेनले केवल पैसा मात्र नभई पश्चिमी कम्पनीहरूसँग प्रविधि र निर्माण साझेदारी पनि खोजिरहेको छ । खरिद एजेन्सीका प्रमुख आर्सेन झुमादिलोभ भन्नुहुन्छ, "आधुनिक युद्धका लागि चाँडो अनुकूलन गर्ने क्षमता नै निर्णायक हुन्छ ।"डेनमार्क हतियार दानभन्दा प्रत्यक्ष लगानी सुरु गर्ने पहिलो देश बनेको छ । डेनमार्क र बेलायतले आफ्ना कारखानामा युक्रेनी मिसाइल र ड्रोनका कम्पोनेन्ट उत्पादन गर्ने योजना अघि बढाइरहेका छन्।

युक्रेनले डेनमार्क, स्विडेन, क्यानाडा, नर्वे र आइसल्यान्डबाट एक अर्ब ३० करोड युरो (एक अर्ब ५० करोड डलर) प्राप्त गर्ने तयारी गरेको छ। जर्मनीले पनि यस्तै सम्झौता गरेको छ ।झुमादिलोभ भन्नुहुन्छ, "जब विदेशी कम्पनीहरूले लगानी गर्छन्, उनीहरूको सरकारले उत्पादन खरिदमा सहयोग गर्छ। यो सबैभन्दा राम्रो मोडेल हो।"

# अन्तरिक्ष अनुसन्धानमा अमेरिकी प्रविधिको नयाँ चरण



सिन्ह्वा

लस एन्जलस। अमेरिकी अन्तरिक्ष प्रविधि कम्पनी 'नर्थरप ग्रुम्यान'ले विकसित गरेको

आपूर्ति यान 'सिग्नस एक्सएल' बिहीबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा सफलतापूर्वक जोडिएको छ।

यसले आईएसएसमा आवश्यक पर्ने महत्वपूर्ण वैज्ञानिक उपकरण र अन्य सामाग्रीहरू पुऱ्याएको छ, जसले अन्तरिक्ष अनुसन्धान र प्रयोगशालाका कार्यहरूलाई सहज बनाउन ठूलो सहयोग गर्नेछ।

'सिग्नस एक्सएल' अमेरिकी अन्तरिक्ष प्रविधि कम्पनी नर्थरप ग्रुम्यानद्वारा विकसित उन्नत पुनःआपूर्ति यान हो, जुन अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा वैज्ञानिक उपकरण, खाद्यान्न र अन्य आवश्यक सामग्री पुऱ्याउन प्रयोग गरिन्छ। यो यान विशेष गरी ठूलो क्षमताको कार्गो बोकेर अन्तरिक्ष स्टेशनमा आपूर्ति गर्ने उद्देश्यले तयार गरिएको हो र यसले अन्तरिक्ष अनुसन्धान र प्रयोगशालाका गतिविधिहरूलाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्दछ। यसमा नवीनतम प्रविधिहरू समावेश छन्, जसले यसको विश्वसनीयता र कार्यक्षमता सुनिश्चित गर्दछ।

सिग्नस एक्सएल यान आइतबार अमेरिकी फ्लोरिडास्थित केप क्यानाभरल स्पेस फोर्स स्टेशनबाट स्पेसएक्सको फाल्कन ९ रकेटमार्फत प्रक्षेपण गरिएको थियो।

यो मिशन नर्थरप ग्रुम्यानको कमर्शियल रिसप्लाइ सर्भिसेस २३ अन्तर्गत संचालन गरिएको हो, जसले करिब ११ हजार पाउन्ड (लगभग ५ हजार किलोग्राम) वैज्ञानिक उपकरण, अनुसन्धान सामग्री र दैनिक प्रयोगका वस्तुहरू आईएसएसमा पुऱ्याउने लक्ष्य राखेको थियो।

प्रारम्भमा सिग्नस एक्सएल यान बुधबार आईएसएसमा पुग्ने योजना बनाइएको थियो, तर मुख्य इन्जिनमा देखिएको प्राविधिक समस्याका कारण यो योजना एक दिन ढिलो हुँदै बिहीबार आईएसएसमा पुग्न सफल भयो।

# ट्रम्प-सी फोन वार्ता : टिकटकको भाग्य र व्यापार सम्झौतामा प्रगतिको आशा

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको फोन वार्तामा भिडियो साझेदारी एप टिकटकको भाग्यलाई अन्तिम रूप दिने र दुई देशबीचको व्यापार वार्तामा प्रगति गर्ने आशा व्यक्त गर्नुभएको छ ।"म राष्ट्रपति सीसँग कुरा गर्दैछु, तपाईंलाई थाहा छ, टिकटक र व्यापारबारे", ट्रम्पले बिहीबार फक्स न्युजसँगको अन्तर्वार्तामा भन्नुभयो, "हामी सम्झौतामा धेरै नजिक छौं र चीनसँग मेरो सम्बन्ध धेरै राम्रो छ।"



जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्प र सीबीच यो दोस्रो र वर्षको सुरुदेखि तेस्रो संवाद हो । जुन ५ मा ट्रम्पले सीलाई अमेरिकामा निमन्त्रणा गर्नुभएको थियो भने आफूलाई चीन भ्रमणको प्रस्ताव आएको बताउनुभएको थियो । हालसम्म भ्रमण तालिका तय नभए पनि विश्लेषकहरूले सीले आफ्नो प्रस्ताव दोहोऱ्याउने अपेक्षा गरेका छन्।

### टिकटक विवाद

राष्ट्रिय सुरक्षाको कारण देखाउँदै अमेरिकी कांग्रेसले चिनियाँ मूल कम्पनी बाइटडान्सलाई आफ्नो अमेरिकी सञ्चालन बेच्न बाध्य पार्ने कानून बनाएपछि टिकटक विवादित बनेको हो । ट्रम्पले भने बारम्बार प्रतिबन्ध स्थगित गर्दै अन्ततः समाधान खोज्ने सङ्केत दिनुभएको छ।

"टिकेकमा केही अन्तिम रूप दिने आशा छ", उहाँले पत्रकार हरूसँग भन्नुभयो । सम्झौता भए टिकटकको अमेरिकी व्यवसाय अमेरिकी लगानीकर्ताहरू, धनी व्यक्तिहरू र ठूला कम्पनीहरूको स्वामित्वमा रहने उहाँको भनाइ छ । ट्रम्पले टिकटक एपले युवा मतदातालाई आकर्षित गरेर सन् २०२४ को चुनाव जित्न मद्दत गरेको दाबी समेत गर्नुभयो ।वाल स्ट्रिट जर्नलका अनुसार टिकटकलाई नियन्त्रण गर्न सम्भावित कन्सोर्टियममा ओरेकल र अमेरिकी लगानी कोषहरू सिल्भर लेक तथा एन्ड्रिसन होरोविट्ज सहभागी हुनेछन्।

### व्यापार र भन्सार शुल्क

यसैबीच, दुवै मुलुकबीच टेलिफोन वार्ता विश्वव्यापी आपूर्ति शृङ्खलामा असर गर्ने स्तरमा पुगेको भन्सार शुल्क विवादबीच भएको हो । यस वर्षको सुरुआतमा कर बढाएर तनाव चुलिएपछि वासिङ्टन र बेइजिङले लेवी घटाउने अस्थायी सम्झौता गरेका थिए। सम्झौता नोभेम्बरमा समाप्त हुँदैछ।

> ट्रम्पले बिहीबार फक्स न्युजसँगको अन्तर्वार्तामा भन्नुभयो, "हामी सम्झौतामा धेरै नजिक छौं र चीनसँग मेरो सम्बन्ध धेरै राम्रो छ ।"

हाल अमेरिकाले चिनियाँ सामानमा ३० प्रतिशत र चीनले अमेरिकी सामानमा १० प्रतिशत भन्सार शुल्क लगाएका छन्।

### कूटनीतिक पृष्ठभूमि

सीले हालै रुस र भारतका नेताहरूसँग शिखर सम्मेलन आयोजना गर्नुभएको थियो र उत्तर कोरियाली नेता किम जोङ उनलाई सैन्य परेडमा आमन्त्रित गर्नुभएको थियो। ट्रम्पले आफ्नो ट्रुथ सोसलमा सीलाई सम्बोधन गर्दै 'कृपया पुटिन र किमलाई मेरो सम्मान दिनुहोस् किनकि तपाईंहरूले अमेरिकाविरुद्ध षड्यन्त्र गर्नुभयो' भन्नुभएको थियो।

साथै, उहाँले भारतलाई रुसी तेल खरिद गरेकामा आलोचना गर्दै दण्डात्मक भन्सार शुल्क लगाएको बताउनुभयो । बेइजिङलाई अमेरिकाले प्रत्यक्ष प्रतिबन्ध नलगाए पनि ट्रम्पले युरोपेली मुलुकहरूलाई चीनमाथि दबाब दिन आह्वान गर्नुभयो । "यदि चीनमाथि यस्तो दबाब परेको अवस्थामा युक्रेन युद्ध अन्त्य हुनसक्छ", उहाँले फक्स न्युजसँग भन्नुभयो।

# क्यानाडा र मेक्सिको 'निष्पक्ष' व्यापार सम्झौतामा अडिग

एएफपी

मेक्सिको सिटी। क्यानाडा र मेक्सिकोका नेताहरू संयुक्त राज्य अमेरिकासँगको त्रिपक्षीय स्वतन्त्र व्यापार सम्झौता (युएसएमसिए) को संरक्षण गर्दै राष्ट्रपति डोनाल्ड ट्रम्पको कर दबाबबीच यसलाई 'निष्पक्ष' बनाउन सहमत भएका छन्।



मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामसँगको वार्तापछि क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले युएसएमसिएप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै यसले 'उत्तर अमेरिकालाई विश्वको आर्थिक ईर्ष्या' बनाएको बताउनुभयो।

सेनबामले सम्झौताको भविष्यबारे आशावादी रहेको बताउनुभयो। "युएसएमसिए विजयी हुनेछ भन्नेमा मलाई विश्वास छ", उहाँले संयुक्त पत्रकार सम्मेलनमा भन्नुभयो।सन् २०२० देखि लागू भएको सम्झौता अर्को वर्ष समीक्षाका लागि तयार छ। मेक्सिको र क्यानाडा दुवैको अर्थतन्त्रका लागि यो महत्त्वपूर्ण मानिन्छ, किनभने उनीहरूको निर्यात क्रमशः ८० प्रतिशत र ७५ प्रतिशत संयुक्त राज्य अमेरिकातर्फ जान्छ।

तर, ट्रम्पले सम्झौताबाहिरका क्यानाडा र मेक्सिकाली निर्यातमा क्रमशः ३५ र २५ प्रतिशत भन्सार शुल्क लगाउनुभएको छ। यी नीतिले क्यानाडाको अटो, स्टिल र एल्युमिनियम उद्योगमा रोजगारी गुम्ने अवस्था ल्याएको छ भने मेक्सिकोको अटो र स्टिल उद्योगमा पनि असर पारेको छ।

कार्नीले भन्नुभयो, "हामी संयुक्त राज्य अमेरिकालाई पूरक बनाउँछौं, हामी उनीहरूलाई बलियो बनाउँछौं, हामी सबै सँगै बलियो हुन्छौं।" उहाँले अमेरिकी पक्षले युएसएमसिए समीक्षा गरिरहेको विषयलाई 'राम्रो कुरा' भन्दै कर र स्थानीय सामग्रीमा निर्णय शान्त र जानाजानी तरिकाले लिन सकिने तर्क गर्नुभयो।

दुवै नेताले ट्रम्पसँग साइड डिल खोज्दै प्रतिस्पर्धा नगरी सहकार्यमा अघि बढ्ने प्रतिवद्धता जनाउनुभयो। आगामी वर्ष अमेरिका, क्यानाडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकपलाई उदाहरण दिँदै कार्नीले भन्नुभयो, "हामी सँगै अगाडि बढ्नेछौं।"

साथै, उहाँहरूले क्यानाडा-मेक्सिको बीच द्विपक्षीय व्यापार र लगानी बढाउने नयाँ योजना घोषणा गर्नुभयो। यसअनुसार, अमेरिकी बजारमा मात्र निर्भर नहुई आफ्ना बन्दरगाहमार्फत आपसी व्यापार विस्तार गर्ने तयारी छ। गत वर्ष दुई देशबीचको व्यापार ३२ अर्ब डलरभन्दा कम थियो, जुन अमेरिकासँगको व्यापारभन्दा करिब २० गुणा सानो हो। मेक्सिको क्यानाडाको तेस्रो ठूलो साझेदार हो भने क्यानाडा मेक्सिकोको पाँचौं ठूलो साझेदार हो।

विदेश मामिला, कृषि, वातावरण र सुरक्षा लगायत क्षेत्रमा अझ घनिष्ठ सहकार्य गर्ने योजनामा दुवै नेता सहमत हुनुभएको छ। तर, क्यानाडाका केही राजनीतिज्ञले ट्रम्पले फेन्टानिल तस्करीको प्रसङ्गमा आफ्नो देशलाई अन्यायपूर्ण रूपमा मेक्सिकोसँग जोडेको गुनासो गरेका छन्। कार्नीले भन्नुभयो, "दुर्भाग्यपूर्ण तथ्य यो हो कि आपसी सीमापार अपराध दुवै दिशाबाट हुने गरेको छ।"

# सुडानको युद्धलाई विश्वले बेवास्ता गरिरहेको छ : राष्ट्रसंघ

एएफपी

जेनेभा ।सुडानमा तेस्रो वर्षमा प्रवेश गरेको गृहयुद्ध झनै क्रूर र जटिल बन्दै गएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनले जनाएको छ। यस युद्धमा सर्वसाधारणमाथि अत्यधिक प्रभाव परेको छ, जसमा हजारौंको ज्यान गइसकेको छ भने जातीय हिंसा र युद्ध अपराधहरू बढिरहेका छन्।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले उक्त प्रतिवेदन सार्वजनिक गर्दै भन्नुभयो,"सुडानको द्वन्द्व अहिले विश्वको नजरबाट ओझेलमा परेको छ। आशा छ, यो प्रतिवेदनले उक्त भयावह परिस्थितिमा फेरि ध्यान आकर्षित गर्नेछ, जहाँ युद्ध अपराधसहितका क्रूरताहरू भइरहेका छन्।"

अप्रिल सन् २०२३ देखि सुडानमा नियमित सेना र अर्धसैनिक बल रेपिड सपोर्ट फोर्स (आरएसएफ) बीच सशस्त्र संघर्ष जारी छ। यो द्वन्द्वले हालसम्म दशौं हजारको ज्यान लिइसकेको छ र लाखौंलाई विस्थापित पारेको छ। संयुक्त राष्ट्रसङ्घले यसलाई विश्वकै सबैभन्दा भयावह मानवीय संकटमध्ये एक भनेको छ।

हाल युद्धले देशलाई दुई भागमा विभाजित गरिदिएको छ। सरकारी सेनाले उत्तर, पूर्व र मध्य भूभाग नियन्त्रणमा राखेको छ भने आरएसएफले दक्षिण र पश्चिम दार्फुर क्षेत्र कब्जामा लिएको छ। दुबै पक्षबीच युद्धविरामका लागि गरिएका कूटनीतिक प्रयासहरू अहिलेसम्म असफल भएका छन्।

प्रतिवेदनअनुसार,सन् २०२५ को पहिलो ६ महिनामा मात्र तीन हजार ३८४ जना सर्वसाधारणको मृत्यु भएको छ, जुन सन् २०२४ को कुल मृत्यु सङ्ख्याको ८० प्रतिशत हो। यसले द्वन्द्व झनै क्रूर बन्दै गएको संकेत गर्दछ।

त्यसैगरी, यौनजन्य हिंसा, अन्धाधुन्ध आक्रमण र जातीय आधारमा प्रतिशोधी हमला भइरहेका घटनाहरू निरन्तर जारी छन्। प्रतिवेदनमा नयाँ प्रवृत्तिका रूपमा ड्रोन आक्रमणसमेत देखिएको उल्लेख छ, जसले उत्तर र पूर्वजस्ता हालसम्म सुरक्षित मानिएका क्षेत्रहरूलाई पनि असर पार्न थालेको छ।

मानव अधिकार प्रमुख टर्कले चेतावनी दिँदै भन्नुभयो,"जातीय विभाजनमा आधारित द्वन्द्वले देशको दीर्घकालीन स्थिरता र सामाजिक एकतामा गम्भीर संकट ल्याउनेछ।

# अमेरिकी प्रतिबन्ध छल्दै रुस-भियतनामबीच गोप्य सम्झौता

एपी

बैङ्कक ।रुस र भियतनामले अमेरिकी तथा पश्चिमी प्रतिबन्धबाट जोगिन हतियार सम्झौताको भुक्तानी ऊर्जा नाफामार्फत लुकाउने संयन्त्र विकास गरेका छन् । एसोसिएटेड प्रेसले प्राप्त गरेको आन्तरिक भियतनामी कागजातअनुसार संयुक्त तेल-ग्यास उद्यमको नाफा प्रयोग गरेर ऋण तिर्ने र हतियार खरिद गर्ने व्यवस्था बनेको छ, जसले विश्वव्यापी बैंकिङ प्रणालीलाई बाइपास गर्छ।

यस योजनाअन्तर्गत भियतनामले मस्कोबाट लडाकू विमान, ट्याङ्क र जहाज ऋणमा लिएको छ र साइबेरियास्थित संयुक्त तेल कम्पनीको नाफाबाट किस्ता बुझाएको छ। लेनदेन नगद बिना तर गोप्य ढङ्गले प्रवाह हुनेगरी डिजाइन गरिएको हो ।अमेरिकाले दक्षिणपूर्व एसियामा भियतनामसँग सम्बन्ध बलियो बनाउन खोजिरहेको तर ट्रम्प प्रशासनले रुसमाथि कडा प्रतिबन्धको धम्की दिइरहेको बेला यो खुलासा भएको हो । ह्वाइट हाउसले हनोईसँग व्यापारमा २० प्रतिशत भन्सार शुल्क लगाएर वार्ता जारी राखेको छ।

### संयन्त्रको काम गर्ने तरिका

सन् २०२४ मा तयार गरिएको मेमोअनुसार भियतनामको नाफा रूस पठाइन्छ।

त्यसपछि रूसी राज्य स्वामित्वको कम्पनी जारुबेझनेफ्ट मार्फत फेरि भियतनामको पेट्रोभियतनाममा फिर्ता हुन्छ। यसरी रकम रूस र भियतनामभित्र मात्रै सर्छ र स्विफ्ट प्रणालीबाट जोगिन्छ।

### रणनीतिक सन्देश

विश्लेषकहरूले यसलाई सामान्य व्यापारिक 'अफसेट' भन्दा निकै माथिको व्यवस्था भनेका छन् । भियतनामले चीनसँगको दक्षिण चीन सागर विवादलाई ध्यानमा राख्दै आफ्नो सेनालाई बलियो बनाउन रुसी हतियारमा निर्भर रहेको देखिन्छ। अमेरिकाले भने यसलाई चीनविरुद्ध साझेदारको रूपमा हेर्छ।



### राजनीतिक संवेदनशीलता

आन्तरिक कागजात चुहाउने भियतनामी अधिकारीले वासिङ्टनसँगको सम्बन्ध जोखिममा पार्ने डर औंल्याएका छन् । अमेरिकाले प्रत्यक्ष प्रतिक्रिया नदिए पनि 'प्रतिबन्ध यथावत् रहने' चेतावनी दिएको छ ।यसबीच, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको हनोई भ्रमण (सन् २०२४) मा नयाँ ऊर्जा सम्झौताहरू भएको थियो भने सन् २०२६-२०३० को रक्षा-रणनीतिक साझेदारीमा पनि हस्ताक्षर भएको छ । विशेषज्ञहरूका अनुसार युरोप र अमेरिकाबाट दबाब बढेसँगै भियतनामको यो दोहोरो खेल कूटनीतिक चुनौती बन्न सक्छ।

# लोकमार्ग भाँसियो



पर्वत । उत्तर दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्ग भाँसिएको छ । लोकमार्गअन्तर्गत फलेबास नगरपालिका-११ पाङ्वाङमा बिहीबार सडक भाँसिएको हो । सडक भाँसिएपछि मर्मतमा समस्या देखिएको छ ।

कालोपत्र भइसकेको स्थानमा भासिने, उप्किने र खाल्डाखुल्डी पर्ने समस्याले सडक जीर्ण बन्दै गएको छ । कालीगण्डकी लोकमार्गको पर्वत खण्डमा पर्ने झण्डै ७० किलोमिटरमध्ये कालोपत्र भइसकेको सेतीवेणी-फलेबास खण्डमा बिग्रिएको सडक मर्मत हुन नसक्दा यातायातका साधन सञ्चालन गर्न समस्या भएको छ ।

करिडोरको पाङ्वाङ खण्डको सडक अविरल वर्षात्का कारण भासिएको हो । लोकमार्ग निर्माणको काम सम्पन्न भएको स्थानमा सडक भासिने तथा भत्कने क्रम वर्षात्का क्रममा रोकिएको छैन । सडक भासिएपछि यातायातका साधन सञ्चालन गर्न समस्या भएको छ । अहिले एकतर्फी रुपमा सवारीसाधन सञ्चालन भइरहेका कालीगण्डकी करिडोर आयोजना कार्यालय, पाल्पाका इञ्जिनियर पिपुल गौतमले जानकारी दिनुभयो ।

सडक नियमित रुपमा मर्मतको काम नभएको भन्दै स्थानीयले गुनासो गर्ने गरेका छन् । सडकखण्डको सेतीवेणीदेखि कुर्घासम्मको सडक निर्माण कार्य अधिकांश सम्पन्न भए पनि केही भागको काम भने अझै अलपत्र छ । कुर्घादेखि पाङ्वाङ जोड्ने स्थानमा सडक जीर्ण अवस्थामा छ ।

काम सम्पन्न भए जिम्मा लिने निकाय नहुँदा मर्मत तथा रेखदेखमा समस्या आएको इञ्जिनियर गौतमले बताउनुभयो । राष्ट्रिय सडक सञ्जालमा सूचीकरण हुन नसक्दा सडक विभागले मर्मतलगायतको काम गर्न नपाएको उहाँको भनाइ छ । पर्वत खण्डको २९ किलोमिटर सडकमा कालोपत्र सम्पन्न भएको दुई वर्ष बितिसकेको छ । कुन निकायले रेखदेख गर्ने भन्ने स्पष्ट नहुँदा सडक मर्मत तथा रेखदेखमा समस्या भएको इञ्जिनियर गौतमले बताउनुभयो ।

पर्वत खण्डको सेतीबेनीदेखिफलेबासढिकसम्मको सबै खण्ड कालोपत्र भइसकेको छ । कालोपत्र भइसकेको खण्डलाई राष्ट्रिय राजमार्गमा सूचीकरण नगर्दा कुन निकायले मर्मत र रेखदेख गर्ने भन्ने समस्या भएको उहाँले बताउनुभयो । सम्पन्न भइसकेको खण्डमा वर्षायाममा खसेको पहिरोसमेत पन्छाउन समस्या भएको कार्यालयले जनाएको छ ।

लोकमार्गअन्तर्गत पर्वतको सेतीवेणीदेखि अर्मादीसम्म ४३ किलोमिटर सडकको काम धमाधम भइरहेको छ । त्यसैगरी फलेबास-अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापरबाही कारण समयसमा काम नहुँदा कालोपत्रको काम अगाडि बढाउन सकिएको छैन । उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रको कामको टेन्डर आह्वानसमेत हुन नसकेको र चालु आर्थिक वर्षमा बजेटसमेत सुनिश्चितता नभएको कार्यालयले जनाएको छ । स्याङ्जाको मिर्मीदेखि पर्वतको सेतीबेनीसम्मको १० किलोमिटर सडक पनि कालोपत्र हुँदै छ भने पर्वतको मालढुङ्गादेखि म्याग्दीको बेनीसम्मको १३ किलोमिटर सडकसमेत चालु आर्थिक वर्षभित्रै कालोपत्र गरिसक्ने लक्ष्य छ ।रासस

# गाईको बाच्छीमा लम्पी स्किन रोग सङ्क्रमण पुष्टि

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-९ सिसैयामा स्थानीय किसानले पालेका गाईको बाच्छीमा लम्पी स्किन रोगको सङ्क्रमण पुष्टि भएको छ ।

गाईको बाच्छीमा रोगका लक्षण देखिएपछि पशुरोग अन्वेषण प्रयोगशाला धनगढीका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीको टोलीले नमूना सङ्कलन गरेको हो । सङ्कलित नमूना परीक्षणका लागि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाइएको थियो । नमूनाको पिसिआर विधिबाट परीक्षण गरिँदा लम्पी स्किन पुष्टि भएको पशु चिकित्सक जोशीले जानकारी दिनुभयो ।

जोशीका अनुसार सुदूरपश्चिम प्रदेशमा दुई वर्षअघि मात्र लम्पी स्किन रोग देखिएको थियो । त्यसयता हालसम्म यो पहिलोपटक पुनः सङ्क्रमण भेटिएको हो । हाल एकमात्र गाईको बाच्छीमा रोग देखिएको भए पनि आसपासका फैलिने चुनौती रहेको वरिष्ठ पशु चिकित्सक जोशीले बताउनुभयो । उहाँका अनुसार खोप सबैभन्दा प्रभावकारी उपाय भए पनि प्रदेशमा हाल मौज्दात नभएकाले रोगले विगत विसं २०८० सालमा जस्तै विकराल रूप लिन सक्ने देखिन्छ ।

"लम्पी स्किन रोग देखिएको पशुलाई तुरुन्त अलग राख्नुपर्छ", उहाँले भन्नुभयो, "गोठ वरिपरि सरसफाइमा ध्यान दिनु आवश्यक हुन्छ, कीरा, लामखुट्टेजस्ता रोग सार्नेवाहक नियन्त्रण गर्नुपर्छ, सङ्क्रमित पशुलाई छुनु वा गोठमा पस्दा सावधानी अपनाउनुपर्छ ।"

उहाँका अनुसार यो रोग लागेमा गाईभैँसीमा विशेषगरी शरीरभरि गाठी (ठूला दाना) उठ्ने, आँखा वरिपरि, नाक र मुखमा फोका देखिन उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट वा बढी), शरीरका विभिन्न भाग विशेषगरी घाँटी, पछाडिको भाग, पेट र थुन वरिपरि १० देखि ५० मिलीमिटरसम्मका गिर्खा देखिने,



गाईभैँसीलगायत अन्य पशुमा भने लक्षण भेटिएको छैन ।

"कुन ठाउँबाट रोग फैलिएको भन्ने विषयमा अनुसन्धान भइरहेको छ", उहाँले भन्नुभयो, "गत आर्थिक वर्षको अन्त्यतिर देखिएको यो वेभ सुदूरपश्चिम प्रदेशमा भने पहिलोपटक पुनः देखापरेको छ", वरिष्ठ पशु चिकित्सक जोशीले भन्नुभयो, "विसं २०८० मा देशभर झण्डै १३ लाख पशु लम्पी स्किन रोगबाट सङ्क्रमित भएका थिए भने करिब ५० हजार पशुको मृत्यु भएको थियो ।"

सुदूरपश्चिम प्रदेशमा लम्पी स्किनविरुद्धको खोप न्यूनमात्र लगाइएको र वर्षायाम चलिरहेकाले रोग व्यापक दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने, कचेरा निकाल्ने, सिङ्गान बग्ने, फिँज धेरै निकाल्ने तथा लिम्फ नोड सुन्निनेजस्ता लक्षण देखिन्छन् ।

शुक्लाफाँटा नगरपालिकाको पशु विकास शाखाका प्रमुख रामप्रसाद भट्टका अनुसार चार वर्षअघि वडा नं १२ कालागौंडीका किसानले पालेका गाईमा लम्पी स्किन रोग भेटिएको थियो । त्यसपछि अहिले वडा नं ९ सिसैयामा पुनः रोग देखिएको हो । "किसानलाई सङ्क्रमित गाईलाई अन्य पशुसँग नबाध्न सचेत गराएका छौं", उहाँले भन्नुभयो, "सङ्क्रमित गाईलाई अलग राख्ने सल्लाह दिएका छौं, सचेतना फैलाउने कार्य गरेका छौं ।"रासस

# दशैंमा बिक्रीका लागि भेडाच्याङ्गालाई बजार ल्याईदै



म्याग्दी । दसैं नजिकिँदै गर्दा हिमाली क्षेत्रमा पालिएका भेडाच्याङ्ग्रा बजार झर्न थालेका छन् । किसान तथा व्यापारीहरू भेडाच्याङ्ग्राको बथान लिएर देशका विभिन्न बजारमा आइपुगेका हुन् । हिमाली भेडाच्याङ्ग्रा बजार झरेपछि दसैं पर्व आगमनको झल्को दिन्छ ।

मुस्ताङबाट बेनी-जोमसोम सडक भएर म्याग्दीको रघुगङ्गा गाउँपालिकाको बैसरीमा ल्याइएका भेडाच्याङ्ग्रा ट्रक र कन्टेनरमा राखेर पोखरा, काठमाडौँलगायत ठूला सहरमा ढुवानी गर्न थालिएको छ । नेपाल चौपाया खरिद बिक्री सङ्घका संस्थापक अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बिहीबारसम्म एक हजार ३०० भेडाच्याङ्ग्रा काठमाडौं पठाइएको र थप एक हजार ७०० पठाउने क्रममा रहेको जानकारी दिनुभयो ।

"दसैंका लागि काठमाडौं, पोखरा, चितवन र बुटवलका बजारमा आउने भेडाच्याङ्ग्राको मुख्य स्रोत मुस्ताङ, जुम्ला र डोल्पा हो", बीस वर्षदेखि भेडाच्याङ्ग्राको व्यापार गर्दै आउनुभएका श्रेष्ठले भन्नुभयो, "तातोपानी र रसुवानाका बन्द भएकाले ठूला सहरमा यसपालि मुस्ताङी भेडाच्याङ्ग्रामात्र झरेका छन् ।"

मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ नामग्यालबाट चार सय ६५ वटा भेडाच्याङ्ग्रा पैदल हिँडाएर ल्याएको श्रेष्ठको टोली बिहीबार म्याग्दीको बैसरी आइपुगेका छ । डोल्पाको काइके गाउँपालिका-२ सहरताराका सञ्जय बुढाले २५ दिनको पैदलयात्रा गरेर एक सय ६० वटा च्याङ्ग्रा बेच्न पोखरा हिँडेको बताउनुभयो ।

"समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथि उचाइमा किसानले पालेका च्याङ्ग्रा ल्याएर बेच्न आएको हो", उहाँले भन्नुभयो, "भिर, खोल्सा, साँघुरो बाटोमा च्याङ्ग्रालाई हिँडाएर बजार पुर्याएर बिक्री गर्नु हाम्रो परम्परादेखिकै पेसा हो ।"

डोल्पा, जुम्ला र उपल्लो मुस्ताङबाट भेडाच्याङ्ग्रा बेच्न र देशका विभिन्न सहरबाट आएका व्यापारीको जोमसोममा चहलपहल छ । मुस्ताङमा आकारअनुसार प्रतिगोटा रु ३२ देखि ३७ हजारमा च्याङ्ग्रा बिक्री भइरहेको छ । काठमाडौँ पुग्दा गत वर्षको दरमा जिउँदो च्याङ्ग्रा प्रतिकिलो रु एक हजार ३०० का दरले बिक्री गरिने व्यवसायी श्रेष्ठले बताउनुभयो ।

मुस्ताङस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यस वर्ष दसैंमा डोल्पा र जुम्लाका तीन हजार तथा मुस्ताङका किसानले पालेका १२ हजार भेडाच्याङ्ग्रा बिक्री हुने अनुमान गरेको छ । जोमसोममा भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेर बजार पठाउने व्यवस्था मिलाएको केन्द्रका प्रमुख पशु चिकित्सक लालमणि अर्यालले बताउनुभयो ।

चाडपर्वका अवसरमा जडीबुटीयुक्त बुकीमा चरेका हिमाली च्याङ्ग्राको मासु उपभोग गर्ने चलन छ । पाँच वर्ष उमेर पुगेका च्याङ्ग्रा मासुका लागि उपभोगी मानिन्छ । मुस्ताङको नामग्यालका किसान तेन्जिङ गुरुङले च्याङ्ग्रापालनबाट जीविकोपार्जन गरेको बताउनुभयो । उहाँले यसपालि ५० वटा च्याङ्ग्रा बिक्री गरेको बताउनुभयो । मुस्ताङी भेडाच्याङ्ग्राको ठूलो बजार पोखरा हो । म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ, लमजुङका बजारमा पनि भेडाच्याङ्ग्राको खपत बढी हुने गरेको छ ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत च्याङ्ग्रापालन हो । च्याङ्ग्राको शरीरबाट निस्कने भुवा पश्मिनाको कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ । हिउँचितुवा र ब्याँसोको आक्रमणबाट बचाउनु च्याङ्ग्रापालक किसानको प्रमुख चुनौती हो । त्यसैगरी पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रिएकाले भेडाच्याङ्ग्राको लागि आहराको अभाव हुन थालेको छ । हिउँदमा आवश्यकताभन्दा बढी हिउँ पर्दा भेडाबाख्रा आहराको अभावमा मर्ने समस्या पनि छ ।रासस

# चलचित्र 'बलिदान'को 'ट्रेलर' सार्वजनिक

काठमाण्डु । चलचित्र 'बलिदान' को 'ट्रेलर' शुक्रबार सार्वजनिक गरिएको छ ।

यसअघि उक्त चलचित्रको पोस्टर, प्रि-टिजर, टिजर र गीत सार्वजनिक भइसकेको छ । ट्रेलरको अभिनेत्री ऋचा शर्मा आमाको भूमिकामा देख्न सकिन्छ । देशभक्तिभाव झल्काउन खोजिएको उक्त चलचित्रको ट्रेलरमा कलाकार अर्पण थापा, सौगात मल्ल र महेन्द्र बुढाथोकी फरक अवतारमा देखिनुभएको छ । मल्लले आफूलाई राक्षस बन्न बाध्य पारेको संवाद प्रस्तुत गर्नुभएको छभने समीर र सौगातबीचको द्वन्द्व दृश्य विशेष रूपमा प्रस्तुत गरिएको छ ।

यसअघि सार्वजनिक गरिएको टिजरमा सौगात मल्लको मसाल बोकेको दृश्य, हेमन्त बुढाथोकीको संवाद र ऋचा शर्माको भावनात्मक प्रश्न समेटिएको छ । निर्देशक सन्तोष सेन स्वयं आदिवासी पात्रका रूपमा देखिएका दृश्यले टिजरलाई थप रोचक बनाएको छ ।

चलचित्र 'बलिदान'लाई बहुप्रतीक्षित नेपाली चलचित्रका रूपमा हेरिएको छ । निर्देशक सेनले यसअघि बलिदानलाई चलचित्र मात्र नभई हरेक नेपालीको मनको विद्रोहको प्रतीक भएको बताउनुभएको थियो । यसबीचमा, चलचित्रको शीर्ष



गीत 'यो ज्यान बलिदान' ले चर्चा बटुलिसकेको छ । सुजन चापागाईंको स्वर र सङ्गीत, हर्क साउदको शब्दमा तयार गीतले जनमानसमा चर्चा पाइरहेको छ ।

आसुसेन फिल्म्स प्रालिको ब्यानरमा बनेको यो चलचित्रमा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरीलगायतको अभिनय छ । निर्माता पवन ब्राडफोर्ड बिस्ट र कार्यकारी निर्माता प्रेम पुरी हुनुहुन्छ । चलचित्र बडादसैंको फूलपातीको दिन (असोज १३ गते) प्रदर्शनमा आउने जनाइएको छ । रासस

# भृकुटीमण्डपमा बजाजको "ग्राण्ड एक्सचेन्ज कार्निभल" सुरु


**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको अग्रणी मोटरसाइकल ब्रान्ड बजाजले आफ्नो वार्षिक "ग्राण्ड एक्सचेन्ज कार्निभल" काठमाडौंको भृकुटीमण्डपमा सुरु गरेको छ । यो मेला असोज ३ देखि असोज ८ गते (सेप्टेम्बर १९-२४, २०२५) सम्म सञ्चालन हुनेछ ।

यस कार्यक्रममार्फत मोटरसाइकल तथा स्कुटरधारकले आफ्ना पुराना सवारी साधन सजिलैसँग नयाँ बजाज मोडलसँग साट्न सक्नेछन् । मेलामा २२ भन्दा बढी विज्ञ मूल्यांकनकर्ताहरूले प्रयोग भएका सवारी साधनको उचित मूल्य निर्धारण गर्नेछन् ।

ग्राहकहरूले प्रतिस्पर्धात्मक मूल्याङ्कनसँगै नगद छुटमा अधिकतम १० हजार रुपैयाँसम्म पाउनेछन् । साथै निःशुल्क आकर्षण भनेको सजिलो फाइनान्सिङ प्रक्रिया हो । अब ग्राहकले मोटरसाइकल लिनका लागि नागरिकता मात्र पेस गर्नुपर्नेछ । घरजग्गा कागजात, युटिलिटी बिल वा आयप्रमाणपत्र आवश्यक नपर्ने भएकाले यसले खरिदलाई अझ सहज बनाएको छ । शून्य सेवा शुल्क र लचिलो किस्ता योजनासहित बजाजले सवारी साधन स्वामित्वलाई अझ सुलभ बनाएको छ ।

यो एक्सचेन्ज कार्निभल बजाजको दशैं-तिहार लक्षित "बजाज प्रिमियर लिग" अभियानसँग समेत जोडिएको छ । यसअन्तर्गत सातै प्रदेशका उत्कृष्ट प्रदर्शनकर्तालाई साप्ताहिक ५० हजार रुपैयाँको पुरस्कार, एक जना विजेतालाई १ लाख रुपैयाँको ग्राण्ड पुरस्कार तथा चर्चित क्रिकेटर हरूसँग भेटघाट गर्ने अवसर समेत




प्रदान गरिनेछ ।

यस कार्निभलको अर्को एक्सेसरी, तुरुन्तै फाइनान्सिङ सुविधा, र दैनिक लक्की ड्र मार्फत ५० हजार रुपैयाँसम्मका पुरस्कार जित्ने अवसर पनि रहनेछ ।

कार्यक्रममा बजाजको नयाँ इलेक्ट्रिक स्कुटर "चेतक" पनि प्रदर्शनीमा राखिएको छ । विशेष अनुभव क्षेत्रमा ग्राहकहरूले चेतकको टेस्ट-राइड गर्ने अवसर पाउनेछन् ।

हन्सराज हुलासचन्द एण्ड कम्पनी, बजाजको आधिकारिक वितरकले हरेक ठूलो पर्वको अवसरमा ग्राहकमैत्री एक्सचेन्ज कार्यक्रम ल्याउने परम्परा निरन्तरता दिएको जनाएको छ । कम्पनीका अनुसार यसपटकको कार्निभल अझ परिष्कृत, पारदर्शी र ग्राहकहितमैत्री हुने अपेक्षा गरिएको छ ।

# तटबन्ध नहुँदा कुतियाकवर बस्ती साँघुरिँदै



दोधारा चाँदनी । बाढीका कारण दोधारा-चाँदनीको कुतियाकवरको डेढ बिघा खेतीयोग्य जग्गा कटान भएको छ । दोधारा-चाँदनी नगरपालिका-१० स्थित पूर्वमा महाकाली र उत्तरमा जोगबुढा नदीको दोसाँधमा रहेको कुतियाकवर जोगबुढा नदी र महाकाली नदीको चपेटामा पर्दै आएको छ ।

दक्षिणमा भारतसँग सीमाना जोडिएको यो बस्तीमा महाकाली नदीको लगातारको कटानले ठूलो क्षति गरेको दोधारा-चाँदनी-१० का वडाध्यक्ष चन्द्रबहादुर सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार महाकाली नदीले अहिले पनि कुतियाकवरको खेतीयोग्य जग्गामा कटान भइरहेको छ ।

"महाकाली नदी र जोगबुढा नदी दुवैले कुतियाकवरको डेढ बिघा जग्गा कटान गरिसकेको छ", वडाध्यक्ष सिंहले भन्नुभयो, "उक्त स्थानमा ७०० मिटर तटबन्ध बनाउन बहुवर्षीय ठेक्का लागे पनि नदीमा पानी बढेका कारण तटबन्ध निर्माण हुन सकेन ।" स्थानीयका अनुसार नदीको निरन्तरको कटानले कुतियाकवरमा आठ परिवारको जग्गा कटान भएको छ ।

"बाढीले दैनिक जमिन नदीमा समाहित भइरहेको छ", स्थानीय खडक बुढाले भन्नुभयो, "बाढी आउनेबित्तिक्कै कटान सुरु हुन्छ ।" उहाँका अनुसार महाकाली नदी घरसम्म पुग्न अब ५० मिटर मात्रै बाँकी छ । स्थानीय नैनसिंह सुनारको घर जोखिममा परेको छ । आठ परिवारको खेतीयोग्य जग्गासमेत बगरमा परिणत भएको उहाँले बताउनुभयो । जोगबुढा र महाकाली नदी दुवैको कटानले बस्ती साँघुरिँदै गएको छ ।

स्थानीयले बस्ती जोगाउन सरकारसँग पटकपटक आग्रह गरे पनि कटान रोक्न तटबन्ध निर्माण हुन नसकेको स्थानीय टेकबहादुर सुनार बताउनुहुन्छ । डुबान र कटानकै कारण यहाँबाट धेरै परिवार बसाइँ सरेर अन्यत्र गइसकेका छन् । "बाढीले कटान गरेपछि महाकाली नदी बस्ती छेउमा पुगिसकको छ सरकारले यहाँ तटबन्ध निर्माण गर्न नसक्दा बस्ती साँघुरिँदै गएको छ", उहाँले भन्नुभयो, "नदीले बर्सेनी खेतीयोग्य जमिन कटान गर्दै आएको छ, बस्ती नै नदीमा समाहित हुने चिन्ता छ ।"

विसं २०२२ देखि बसोबास रहेको यो बस्तीमा १५० परिवारको बसोबास थियो । महाकाली र जोगबुढा नदीको बाढी बस्ती पस्न थालेपछि यहाँबाट १०० घरपरिवार विस्थापित भएका छन् । बाढीबाट कुतियाकवर बस्ती जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जोगबुढा नदीमा ८१६ मिटर लामो तटबन्ध निर्माणको काम सुरु गरेको थियो । तर ढिलोगरी ठेक्का सुरु भएको र नदीमा पानीको मात्रा बढेपछि निर्माण व्यवसायीले काम गर्न नसक्दा निर्माण कार्यले पूर्णता पाउन सकेन । तटबन्ध निर्माणका लागि कार्यालयले २०८१ चैत २५ गते रु पाँच करोड १६ लाखमा शङ्कर कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो ।रासस

> "नदीले बर्सेनी खेतीयोग्य जमिन कटान गर्दै आएको छ, बस्ती नै नदीमा समाहित हुने चिन्ता छ ।"

# अलैँचीको बजार मूल्यमा गिरावट

झापा । नगदे बाली अलैँचीको बजार भाउमा गिरावट आएको छ ।

नेपाल अलैँची व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष दीपक नेपालले प्रमुख व्यापारिक केन्द्र विर्तामोडमा आज अलैँची प्रतिमन (४० किलो) विभिन्न ग्रेडअनुसार रु ८१ हजारदेखि रु ९२ हजारसम्ममा बिक्री भइरहेको थियो । दसैँको सङ्घारमा किसानले घरायसी गर्जो टार्नका लागि सानो मात्रामा अलैँची बजारमा बिक्री गर्न थालेको र अहिले लेकाली अलैँची धमाधम सुकाउने कार्य भइरहेको हुँदा बजारमा अझै धेरै अलैँची आउन बाँकी नै रहेको अध्यक्ष नेपालले बताउनुभयो ।

नेपालको ४२ जिल्लामा



अलैँचीखेती हुने गरेको छ । कोशी प्रदेशका इलाम, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा अलैँची अत्यधिक खेती हुँदै आएको छ ।

अलैँची व्यवसायी महासङ्घका अनुसार कोशी प्रदेशको सात हजार ५०० हेक्टर र मुलुकभर १७ हजार हेक्टर क्षेत्रफलमा अलैँचीखेती हुन्छ । नेपालमा यसको कुल उत्पादन आठ हजार मेट्रिक टनसम्म छ । उत्पादनको पाँच प्रतिशत मात्र घरेलु खपत भएकाले ९५ प्रतिशत उत्पादन विदेश निकासी हुँदै आएको छ ।रासस

बताउनुभयो । सबैभन्दा राम्रो गुणस्तरको अलैँचीलाई 'बोल्ड' भनिन्छ । उहाँका अनुसार 'बोल्ड' अलैँचीको अहिलेको बजार भाउ प्रतिमन रु ९२ हजार रहेको छ । सामान्य गुणस्तरको अलैँची 'चालु' भनेर चिनिन्छ । जसको भाउ प्रतिमन रु ८१ हजार रहेको छ ।

मध्यम गुणस्तर अर्थात् 'जेजे' भनेर चिनिने अलैँचीको भाउ प्रतिमन रु ८४ हजार रहेको अध्यक्ष नेपालले जानकारी दिनुभयो । भदौ पहिलो साता अलैँचीको बजार मूल्य अकाशिएको थियो । उसबेला प्रतिमन रु ९४ हजारसम्ममा अलैँची खरिद-बिक्री भएको

# ‘जेन–जी आन्दोलनको नाममा घुस पैठियाहरुले विध्वंश मचायो’



टुडे समाचारदाता

जनकपुरधाम । जेन- जी आन्दोलनको क्रममा शिवपुरी ब्यारेकबाटनेकपाएमालेकाअध्यक्ष केपी शर्मा ओली बाहिरिएपछि जनकपुरधाम आएका एमालेका सचिव रघुवीर महासेठलाई उनका कार्यकर्ताले स्वागत गर्दै प्रदर्शन गरेका छन् ।

जनकपुरधाममा शुक्रबार एमाले पार्टी कार्यालयबाट शुरु भएको रैली जनकपुरधाम नगरको विभिन्न भागको परिक्रमा गरेको थियो।

सो क्रममा सचिव महासेठले जेन-जी आन्दोलनको नामा घुसपैठियाहरुले मुलुकभर विध्वंश मचाएको दाबी गरे ।

पूर्वमन्त्रीसमेत रहको सचिव महासेठले भ्रष्टाचार नियन्त्रणको जेनजीहरुको माग उचित भएपनि मुलुकको राजनीतिक व्यवस्थालाई नै धरापमा पार्ने तत्वहरु घुसपैठ गरेर सिंहदरवार देखी नेताहरुको घर सम्म जलाउने कार्य गरेको बताए । जेन- जी आन्दोलनको क्रममा प्रहरीले नभई घुसपैठियाहरुले नै युवाहरुको हत्या गरेको समेत उनले बताए ।

उनले जेन- जी युवापुस्ताले भ्रष्टाचार अन्त्य, सुशासन र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउनेजस्ता न्यायसंगत माग उठाए पनि आन्दोलनलाई हिंसात्मक रुपमा दिँदै सत्ता परिवर्तन र निजी सम्पत्तिमा क्षति पुऱ्याउने दिशामा मोड्ने प्रयास गरिएको थियो ।

उनले देशी-विदेशी शक्तिहरू सक्रिय भइ आन्दोलनलाई हिंसात्मक बनाएको र ‘स्नाइपर शुटर’ प्रयोग गरी युवाहरूको हत्या गराएको आरोप लगाए । उनले अन्तरिम सरकारलाई गम्भीर छानबिन गरी षड्यन्त्रमा संलग्न शक्तिहरूलाई कडाभन्दा कडा कारबाही गर्न माग गरे ।

उनले एमाले र नेपाली कांग्रेसका नेताहरूका घर समेत लक्षित गरेर जलाइएको, साथै व्यक्तिगत रिसिइवीसमेत साधिएको आरोप लगाउँदै वास्तविक दोषी पहिचान गर्ने आवश्यकता रहेको बताए ।

# जेन-जीआन्दोलनले जन्माएका सकारात्मक प्रश्नहरू

ब्लग :



श्यामसुन्दर शशि

४८ घन्टे जेन-जीआन्दोलनबाट देशले ठूलो क्षति बेहोरेको छ। ६ दर्जनभन्दा अधिक नेपालीले शहादत दिएका छन् । अर्बो-खर्बो मूल्य बरावरको सार्वजनिक र निजी सम्पति नष्ट भएको छ । महत्वपूर्ण कागजपत्रतथा दस्तावेजहरु खरानी भएका छन् । तर युवा पुस्ताको यस शहादतपूर्ण आन्दोलनले ठूला राजनीतिक दलहरुको सेन्डिकेटलाई जोडदार धक्का दिएको छ। आलो पालोमा सरकार चलाउँने शीर्ष नेताहरुको षडयन्त्रमाथि बज्रपात गरेको छ । संगै नेपाली समाजमा केही सकारात्मक प्रश्नहरुपनि खडा गरेका छन् । युवाहरुले उठाएका यी प्रश्नहरु नेपाली राजनीतिमा नयाँ डिस्कोर्स बनाउने, छलफल र विमर्शको विषय बन्ने पक्का हो । युवाहरुको बलिदानले मुलुकमा ५ वर्षसम्मचल्ने स्थायी सरकार (प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख) बन्ने ग्यारेन्टी होस् । मुलुक भ्रष्टाचारमुक्त होस् । विधिको शासन कायम होस् । राजनीतिक दलहरु भित्रको लोकतन्त्र अझ बलियो होस् । दलहरु नेताको सेन्डिकेटभन्दा पनि लोकतान्त्रिक विधि र पद्धतिमा चलोस् । मुलुक शान्ति र समृद्धिको बाटोमा अग्रसर होस् । संविधान दिवसको अवसरमा यही शुभकामना दिन चाहन्छु । आन्दोलनका शहीदहरुप्रति सम्मान र सलाम ।

२०७२ साल असोज ३ गते माथि सिंहदरबारबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भइ रहँदा पहाडमा दीपावली मनाइएको थियो । यता तल तराई भने घुप्प अँध्यारोमा थियो । मधेशी युवाको छाती र टाउको ताकिताकी गोली बर्साइँदै थियो । अनि आन्दोलनको ग्राउण्ड जीरोबाट उपेन्द्र, राजेन्द्र, महन्थहरु भन्दै थिए- ‘संविधान संशोधन नही, पुनर्लेखन होना चाहिये ।’ आज यहाँ, एकातिर आन्दोलनको बिगुल बजाउँने अनि आफैँ निर्वाचनमा गएर, मन्त्री बनेका मधेश केन्द्रित दलका नेताहरुको ‘लोभानि पापानि’ प्रवृत्तिबारे लेख्न चाहेको छुइन् । आज संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भएको १० वर्षका विकृतिबारे थोरै लेख्न खोजेको हुँ । विगत दश वर्षमा कांग्रेस, एमाले र माओवादीले सेन्डिकेट बनाएर शासन गरे । राजनीतिक विश्लेषकहरुको दृष्टिमा दश वर्षे कुशासनको बाछिट्टा हो- जेन-जी आन्दोलन ।

संविधान जारी भएको हिजो शुक्रबार ठ्याक्कै १० वर्ष पूरा भएको छ । संविधानमा उल्लेख भएको ५ वर्षे आवधिक निर्वाचनको मर्म अनुसार यस १० वर्षमा २ पटक निर्वाचन भएर २ वटा सरकार तथा सामान्यतः २ थान प्रधानमन्त्री हुनु पर्ने थियो । तर यस १० वर्षमा ९ वटा सरकार बनेका छन् । सुशीला कार्कीबाहेक कांग्रेसका शेरबहादुर देउवा, माओवादी केन्द्रका पुष्पकमल दाहाल र एमालेका केपी शर्मा ओली गरी ३ दलका ३ जना नेता आलोपालो प्रधानमन्त्री बनेका छन् । विडम्बना त के पनि छ भन्ने आफ्नो देशमा स्वयं उपचार गराउन लायकको अस्पतालसम्म बनाउन नसक्ने देउवा यस १० वर्षमा केपी शर्मा ओली ४ पटक तथा देउवा र प्रचण्ड २/२ पटक प्रधानमन्त्री बने। अर्थात् पछि एमाले भएका टोपबहादुर रायमाझी, दामोदर भण्डारी र प्रभु साह चार-चार पटक मन्त्री भएका छन् । रघुवीर महासेठ, गिरिराजमणि पोखरेल, रेखा शर्मा, रामबहादुर थापा, लेखराज भट्ट र ज्वालाकुमारी साह, दीपक बोहरा, शरतसिंह भण्डारी तथा प्रदीप यादव, प्रेमबहादुर आले र विक्रम पाण्डे तीन-तीन पटक मन्त्री बन्न भ्याएका थिए। समग्रमा भनौं भने दश वर्षमा बनेका ८ वटा सरकारमा २ सय ७७ जना व्यक्ति ३ सय ७६ पटक मन्त्री भएका थिए। जेन-जीको विद्रोह यी र यस्ता प्रवृत्ति विरुद्ध लक्षित थियो ।

जेन-जी पुस्ताको आन्दोलन आफैँ सरकारमा गएर शासन गर्न होइन । यसो भएको भए सरकारी गोलीसंग पैठेजोडी खेलेर बँचेका युवाहरु आफै प्रधानमन्त्री बन्थे होला । युवाहरुले रोजेका काठमाण्डु महानगरका मेयर बालेन प्रधानमन्त्री बन्थे होला । तर उनीहरुले पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नाम अघि सारे । पुस्तान्तरणको कुरै छाडौं सहकर्मीसम्मलाई पार्टी अध्यक्ष वा प्रधानमन्त्री दिन नमान्ने कांग्रेस, एमाले, माओवादी र मधेशवादी दलका शीर्ष नेताहरुले यी कलिला जेन-जीसंग सिक्न सक्ने यो ठूलो पाठ हो ।





प्रधानमन्त्रीको कुर्सी तीन शीर्ष नेताको वरिपरी घुमिरह्यो । जेन-जी पुस्ताका युवाहरुलाई यो मन परेन । उनीहरु ५ वर्षसम्म चल्ने प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको मुद्दा अघि सारे । अनि प्रश्न गरे- तिमीहरु प्राकृतिक अप्राकृतिक गठबन्धन गरेर निर्वाचन माग्यौं । अर्को यसै प्रकृत्तिको गठबन्धन बनाएर सरकार बनायौं । र पनि ५ वर्ष सरकार चलाउन सकेनौं । पटक पटक प्रधानमन्त्री हुँदा पनि आफ्नो उपचार गराउन सक्ने एउटै अस्पताल बनाउँन सकेनौं । स्तरीय विश्वविद्यालयको अभावमा लाखौं युवा अध्ययन गर्न विदेश जाँदै छन् । अनि तिमीहरु विश्वविद्यालयका पदाधिकारीमा दलगत भागबण्डा गर्दै छौं । वैदेशिक रोजगारी मागेका नेपाली युवाहरुको लाश दिनहुँ बाकसमा बन्द भएर आउँछ । रगतले साटेर आएर विदेशी रेमिटेन्सको तथ्यांक राख्दै तिमीहरु छाती चौडा गरेर भन्छौं- हाम्रो ढुकुटीमा १२ महिनासम्म चल्ने विदेशी मुद्राको भण्डार छ ।

कस्तो अचम्म, संविधान जारी भएको १० वर्ष संघीय र प्रदेश सरकारहरू प्रधानमन्त्री, उपप्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्री उत्पादन गर्ने कारखाना जस्तै बनेको थियो । यस अवधिमा एमालेका विष्णु पौडेल ५ पटक मन्त्री बन्न भ्याए । माओवादी केन्द्रका जनार्दन शर्मा, शक्तिबहादुर बस्नेत तथा गौरीशंकर चौधरी

अब प्रश्न उठ्छ- जेन-जी आन्दोलनले उठाएका मागहरु पूरा गर्ने मार्गचित्र के होला ? कारण प्रत्यक्ष कार्यकारीमा जान संविधान संशोधन आवश्यक छ। संविधान संशोधन गर्ने थलो अर्थात् प्रतिनिधिसभा विघटन भइसकेको छ। यद्यपि जेन-जी युवाहरुले उठाएको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको सवाल नयाँ भने होइन । संविधान लेखनको बेला, नेकपा माओवादीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको तथा नेकपा एमालेले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको मुद्दा उठाएको थियो । तर नेपाली कांग्रेसको जोडबलको कारण संविधानको अंग बन्न सकेको थिएन । आशा गरौं, माओवादी र एमाले आफ्नो पुरानो मागमा फर्किने छन् र कांग्रेस यसलाई एजेण्डा बनाएर फागुन २१ गतेको निर्वाचनमा जाने छन् ।

# संविधान पुनर्लेखन गर्न माग गर्दै कालो दिवस मनायो



टुडे समाचारदाता

जनकपुरधामासंघीयलोकतान्त्रिक मोर्चाले जनकपुरधाममा कालो दिवस मनाएको छ।

असोज ३ गतेको दिन मधेशमा आगो लागेको बेलामा ल्याइएको संविधान विभेदपूर्ण रहेको भन्दै संघीय लोकतान्त्रिक मोर्चाले कालो दिवस मनाएको छ।

जनकपुरधाम सहित मधेश प्रदेशका जिल्लामा मोर्चा आवद्ध दलहरुले संयुक्त रुपमा कालो दिवस मनाएका छन् ।

जनकपुरधामस्थित जनक चोकमा मोर्चाका नेताहरुले टाउकोमा कालो पट्टी बाँधेर प्रदर्शन गर्दै कालो दिवस मनाएका छन् ।

मोर्चा आवद्ध जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाललगायत दलका नेताहरुले मधेशसंग विभेदपूर्ण रुपमा ल्याइएको संविधानमा व्यापक सुधार एवं परिमार्जनको आवश्यकता रहेकोमा जोड दिए।

२०६२/०६३ को मधेश आन्दोलन पछि बनेको संविधानमा मधेशी लगायत उत्पीडनमा परेका थुप्रै जातजाती भाषाभाषीको हक अधिकार सुनिश्चित नभएको कारणले संविधान दिवसको दिन कालो दिवस मनाएको जनता समाजवादी पार्टी नेपालका जनकपुरधाम नगर अध्यक्ष विष्णुदेव साहले जानकारी दिए । उनले आंशिक रुपमा मधेश केन्द्रित दलले संविधानको समर्थन गरे पनि आदिवासी, थारु, जनजातीहरुको हक अधिकार पूर्ण रुपमा संविधानमा नसमेटिएसम्म आफूहरुले दिनमा कालो दिवस मनाउने बताए ।

# गोबराहीबाट लागूऔषध गाँजा बरामद



टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा लागूऔषध गाँजा भारीमात्रामा बरामद गरिएको छ ।

सशस्त्र प्रहरीले धनुषाको विदेह नगरपालिका-३ स्थित गोबराहीको बाँसघारीमा लुकाइ राखिएको अवस्थामा ८३५ किलोग्राम गाँजा सशस्त्र प्रहरीले बरामद गरेको जनाइएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालयको सशस्त्र प्रहरी बल, नेपाल नं. ८ गण धनुषाबाट प्रहरी निरीक्षक हेमन्त लिम्बुको कमाण्डमा खटिएको २७ जनाको टोलीले शुक्रबार गाँजा बरामद गरेको गरिएको छ ।

बरामद गरिएको गाँजा गोबराहीका स्थानीय जोगिन्द्र साहको बाँसघारीभित्र रहेको टहरोमा लुकाइ छिपाइ राखेको अवस्थामा फेला परेको सशस्त्र प्रहरीले जनाएको छ ।

# अज्ञात पुरुषको शव फेला



टुडे समाचारदाता

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वार्ड न ४ गडहिया घाटस्थित बागमती नदी किनारमा अज्ञात पुरुषको शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार शुक्रबार बिहान करिब ९ बजे स्थानीयवासीले नदी किनारमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनास्थल पुगेको प्रहरी टोलीले शवलाई नियन्त्रणमा लिएको हो ।

प्रहरी नायब उपरीक्षक तथा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राजु कार्कीका अनुसार मृतक पुरुषको उमेर अन्दाजी ४० देखि ४२ वर्षको बीचमा देखिन्छ । हालसम्म मृतकको नाम, थर र ठेगाना खुलेको छैन उनले जानकारी दिए ।

शवलाई आवश्यक प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि गौर प्रादेशिक अस्पतालमा पठाइएको र मृतकको पहिचान तथा मृत्युको कारणबारे अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ ।

# करोडभन्दा बढीको क्षति, छानबिन हुनुपर्ने माग

सञ्जय मिश्रा



रौतहट। जेनजी आन्दोलनको क्रममा रौतहट जिल्लामा भएको हिंसात्मक प्रदर्शनले २० करोड रुपैयाँभन्दा बढीको भौतिक क्षति पुर्याएको प्रारम्भिक अनुमान गरिएको छ। गत २४ गतेको देशव्यापी आन्दोलनसँगै रौतहटमा समेत उग्र आन्दोलन भई सरकारी संरचना, स्थानीय तहका कार्यालय, प्रहरी युनिट तथा जनप्रतिनिधिका घरसमेत क्षतिग्रस्त भएका छन् ।

जिल्ला प्रशासन कार्यालय गौरका अनुसार आन्दोलनकारीहरूले जिल्लाभर ६ वटा स्थानीय तहका कार्यालय र दर्जनौं सरकारी संरचना ध्वस्त पारेका छन् ।

चन्द्रपुर नगरपालिकामा करिब ३ करोड, मौलापुर नगरपालिकामा ५ करोड, कटहरिया नगरपालिकामा १ करोड, फतुवा विजयपुर नगरपालिकामा ३ करोड ५० लाख, गौर नगरपालिकामा ६४ लाख, डिभिजन वन कार्यालयमा २ करोड ५० लाख, प्रदेश लेखा कार्यालयमा २ करोड ६० लाख, यसबाहेक जिल्ला अदालत, मालपोत, करदाता, नापी र अनुसन्धान कार्यालयहरूमा पनि लाखौं रुपैयाँ बराबरको क्षति भएको छ।

आन्दोलनकारीले जिल्ला प्रहरी कार्यालय गौरसहित ८ वटा प्रहरी युनिटमा आगजनी र तोडफोड गरेका छन् । चन्द्रनिगाहपुर इलाका प्रहरी कार्यालयमा करिब २ करोड १४ लाखको क्षति, गरुडा, शिवनगर, हर्षाहा, सुकदेवाचौक, बंकुल र चन्द्रपुर तल्लो बजार प्रहरी चौकीमा हजारौंदेखि लाखौंसम्मको क्षति, जिल्ला प्रहरी कार्यालय गौरमा मात्र करिब ९० हजार बराबरको क्षति भएको छ।

यद्यपि, प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीका अनुसार सेवामा अवरोध नभई ध्वस्त कार्यालयहरूले अस्थायी रूपमा बाहिरैबाट सेवा सञ्चालन गरिरहेका छन् ।

छानबिनका प्रारम्भिक विवरणअनुसार आन्दोलनमा केवल राजनीतिक असन्तोष मात्र नभइ व्यक्तिगत रिसिबी मिलाउन र पद जोगाउन खोज्ने समूहहरूको प्रत्यक्ष संलग्नता देखिएको छ।

फतुवा विजयपुरमा वडाध्यक्ष र शिक्षक संलग्नता, कटहरियामा करार कर्मचारी संलग्नता, गरुडामा विपक्षी र व्यक्तिगत रिसिबी भएकाहरूको प्रत्यक्ष भूमिका र यस्ता गतिविधिहरूका भिडियो-तस्वीर सामाजिक सञ्जालमा व्यापक रूपमा पोस्ट भएको पाइएको छ।

आन्दोलनले स्थानीय प्रशासन, अभिलेख, भवन र सामग्री ध्वस्त पारिदिएपछि सेवा प्रवाहमा अवरोध भएको छ विशेषज्ञहरूको भनाइमा, यस्तो अवस्थामा सरकारलाई पुनर्निर्माणका लागि विशेष योजना र ठूलो बजेट छुट्याउनुपर्ने हुन्छ।

एकातिर जनताले स्थानीय निकायमार्फत पाउने सेवा ठप्प भएको छ भने अर्कोतिर पुनर्निर्माण र राहतका लागि संघीय सरकारमाथि वित्तीय दबाब थपिएको छ।

रौतहटमा भएको क्षतिको प्रारम्भिक मूल्यांकन मात्र २० करोड नाघिसकेको छ । तर विस्तृत विवरण अझै संकलन भइरहेको हुँदा यो रकम अझ बढ्ने देखिन्छ । जेनजी आन्दोलनको आडमा भएका आगजनी र लुटपाटमाथि गहिरो छानबिन गरी दोषीलाई कारबाही गर्ने माग बढ्दै गएको छ । रौतहटका सिडियो बिनोद कुमार खड्काले आन्दोलनको नाउँमा भएको सरकारी सम्पतिको लुटपाट आगजनीको छानबिन हुने र दोषीलाई कारबाहीको दायरामा ल्याउने जानकारी दिएका छन् ।

# आतंक मच्चाउने बाघ नियन्त्रणमा

टुडे समाचारदाता



बारा । बारामा केही महिनादेखि आतंक मच्चाउने बाघलाई नियन्त्रणमा लिइएको छ।

बाराको जीतपुरसिमरा क्षेत्रमा तीन महिनाभित्र तीन जनाको ज्यान लिने नरभक्षी बाघलाई शुक्रबार नियन्त्रणमा लिइएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, चितवन र जेडएसएलको विज्ञ टोलीले पर्सा राष्ट्रिय निकुञ्जको आधाभार जंगलमा उक्त बाघलाई बेहोस बनाएर नियन्त्रणमा लिएको जनाइएको छ।

पछिल्लो समय मानिसमाथि लगातार आक्रमण गर्न थालेपछि स्थानीय बासिन्दामा त्रास फैलिएको थियो। स्थानीय जनप्रतिनिधि, प्रहरी र विज्ञ टोलीको संयुक्त प्रयासमा बाघलाई नियन्त्रणमा लिन सम्भव भएको छ।

बारास्थितपथलैया-अमलेखगञ्ज सडकखण्ड नजिकको जंगलमा बाघ देखिएको सूचना पाएपछि टोली हात्तीको सहायतामा घटनास्थल पुगेको थियो। टोलीले बाघलाई डार्ट गरेर बेहोस बनायो र निकुञ्ज कार्यालयको खोरमा राखेको जीतपुरसिमरा-२१ का वडाध्यक्ष सुवास श्रेष्ठले बताए।

सो नरभक्षी बाघको आक्रमणबाट असारमा जीतपुर सिमरा-१ का छेवांग लामा र भदौंमा वडा नम्बर २२ का कृष्णप्रसाद शर्मा र वडा नं २१ का चन्द्रबहादुर ब्लोनको मृत्यु भएको थियो।

बाघ नियन्त्रणमा आएपछि स्थानीयवासीले ठूलो राहत पाएका छन् । यद्यपि निकुञ्ज प्रशासनले थप सुरक्षा सतर्कता अपनाउन सबैमा आग्रह गरेको छ।

भर्ना खुल्यो !



विगत १७ वर्ष देखि संचालन मा रहेको जनकपुर कै सवै भन्दा पुरानो नर्सिङ्ग होम द्वारा संचालित केयर मेडिकल सेन्टरमा नर्सिङ्, फार्मेसी, ल्याब टेक्निसियन मा वैकल्पिक सूची रहेको विद्यार्थीलाई ५ दिन भित्र यस क्याम्पसमा सम्पर्क गरी भर्ना हुन सुचित गरिन्छ तथा फाराम भर्न छुटेका विद्यार्थीहरुलाई पून: प्रवेश परीक्षा र भर्नाको लागि समेत जानकारी गराईन्छ।

नोट :- फाराम भर्ने अन्तिम मिति २०८२/०६/५

फाराम भर्ने स्थान

केयर मेडिकल सेन्टर

सरस्वती स्कुलको पछाडी

सम्पर्क नं. ०४१-५२०४७९, ९८५४०२३०५०

चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रबर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकारात्मक असर पार्ने गतिविधी नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८